# पुनरावेदन अदालतका मुख्यन्यायाधीश र न्यायाधीश सरुवा

प्रधान न्यायाधीश केदारप्रसाद गिरीको अध्यक्षतामा २०६५ फागुन १३ गते मंगलवार सम्पन्न न्यायपरिषदको वैठकले विभिन्न पुनरावेदन अदालतमा कार्यरत १० न्यायाधीशलाई मुख्यन्यायाधीश पदमा नियुक्तिको लागि सिफारिश गरेको छ भने पुनरावेदन अदालत राजविराज र पुनरावेदन अदालत जुम्लाका मुख्य न्यायाधीशलाई क्रमशः पुनरावेदन अदालत पाटन र वुटवलको मुख्य न्यायाधीश पदमा सरुवा गरिएको छ ।

पुनरावेदन अदालतका मुख्य न्यायाधीशमा नियुक्तिको लागि सिफारिश गरिनु भएका न्यायाधीशहरुको नामावली निम्न वमोजिम रहेको छः

| सि.नं. | न्यायाधीशहरुको नाम थर<br>पद र अदालत | सिफारिश हुनु भएका<br>न्यायाधीश र अदालत |
|---|---|---|
| 1= | श्री पुरुषोत्तम पराजुली<br>न्यायाधीश, पुनरावेदन अदालत वुटवल | मुख्य न्यायाधीश<br>पुनरावेदन अदालत इलाम |
| 2= | श्री ज्ञानेन्द्रवहादुर कार्की<br>न्यायाधीश, पुनरावेदन अदालत हेटौडा | मुख्य न्यायाधीश<br>पुनरावेदन अदालत पोखरा |
| 3= | श्री जागेश्वर सुवेदी<br>न्यायाधीश, पुनरावेदन अदालत नेपालगंज | मुख्य न्यायाधीश<br>पुनरावेदन अदालत वाग्लुंग |
| 4= | श्री केशरीराज पण्डित<br>न्यायाधीश, पुनरावेदन अदालत पाटन | मुख्य न्यायाधीश<br>पुनरावेदन अदालत हेटौडा |
| 5= | भूपध्वज अधिकारी<br>न्यायाधीश, पुनरावेदन अदालत तुलसीपुर | मुख्य न्यायाधीश<br>पुनरावेदन अदालत विराटनगर |
| 6= | लक्ष्मणमणि रिसाल<br>न्यायाधीश, पुनरावेदन अदालत पाटन | मुख्य न्यायाधीश<br>पुनरावेदन अदालत महेन्द्रनगर |
| 7= | अलिअकवर मिकरानी<br>न्यायाधीश, पुनरावेदन अदालत पाटन | मुख्य न्यायाधीश<br>पुनरावेदन अदालत राजविराज |
| 8= | हरिवावु भट्टराई<br>न्यायाधीश, पुनरावेदन अदालत वुटवल | मुख्य न्यायाधीश<br>पुनरावेदन अदालत तुल्सीपुर |
| 9= | हरिराम कोइराला<br>न्यायाधीश, पुनरावेदन अदालत पाटन | मुख्य न्यायाधीश<br>पुनरावेदन अदालत नेपालगंज |
| 10= | हरिप्रसाद घिमिरे<br>न्यायाधीश, पुनरावेदन अदालत पाटन | मुख्य न्यायाधीश<br>पुनरावेदन अदालत धनकुटा |

२०६५ साल फागुन १५ गते बिहीवार सम्पन्न न्यायपरिषदको बैठकले पुनरावेदन अदालतका ५१ जना न्यायाधीशको सरुवा गरेको छ।

कुल १६ वटा पुनरावेदन अदालतमा ५३ जना न्यायाधीश कार्यरत हुनुहुन्छ भने २३ न्यायाधीशको दरबन्दी रिक्त छ। पुनरावेदन अदालत हेटौडामा कार्यरत न्यायाधीश उद्धव बाँस्कोटाले केही दिनमै सेवावाट अवकाश हुनु हुने र पुनरावेदन अदालत पाटनमा कार्यरत माधव चालिसेको स्वास्थ्य स्थितिका कारणले सरुवा गरिएको छैन। यसरी सरुवा हुनुभएका न्यायाधीशको नामावली तपसिल वमोजिम रहेको छः

| सि.नं. | न्यायाधीशहरुको नाम थर<br>पद र अदालत | सरुवा हुने<br>पद र अदालत |
|---|---|---|
| 1= | श्री ऋषिराज जोशी<br>न्यायाधीश, पुनरावेदन अदालत पोखरा | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 2= | श्री विश्वनाथ जोशी<br>न्यायाधीश, पुनरावेदन अदालत वुटवल | न्यायाधीश<br>पुनरावेदन अदालत सुर्खेत |
| 3= | श्री गोपाल पराजुली<br>न्यायाधीश, पुनरावेदन अदालत महेन्द्रनगर | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 4= | श्री दिपकराज जोशी<br>न्यायाधीश, पुनरावेदन अदालत धनकुटा | न्यायाधीश<br>पुनरावेदन अदालत वुटवल |
| 5= | श्री दुर्गाप्रसाद उप्रेती<br>न्यायाधीश, पुनरावेदन अदालत पाटन | न्यायाधीश<br>पुनरावेदन अदालत वुटवल |
| 6= | श्री विनोदप्रसाद ढुंगेल<br>न्यायाधीश, पुनरावेदन अदालत विराटनगर | न्यायाधीश<br>पुनरावेदन अदालत जुम्ला |
| 7= | श्री ओमप्रसाद सुवेदी<br>न्यायाधीश, पुनरावेदन अदालत तुल्सिपुर | न्यायाधीश<br>पुनरावेदन अदालत पोखरा |
| 8= | श्री गोविन्दकुमार उपाध्याय<br>न्यायाधीश, पुनरावेदन अदालत दिपायल | न्यायाधीश<br>पुनरावेदन अदालत वुटवल |
| 9= | श्री केशवप्रसाद मैनाली<br>न्यायाधीश, पुनरावेदन अदालत वुटवल | न्यायाधीश<br>पुनरावेदन अदालत इलाम |
| 10= | श्री मोहनप्रसाद घिमिरे<br>न्यायाधीश, पुनरावेदन अदालत पोखरा | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 11= | श्री ऋषिराज मिश्र<br>न्यायाधीश, पुनरावेदन अदालत इलाम | न्यायाधीश<br>पुनरावेदन अदालत धनकुटा |
| 12= | श्री गोविन्दकुमार श्रेष्ठ<br>न्यायाधीश, पुनरावेदन अदालत राजविराज | न्यायाधीश<br>पुनरावेदन अदालत दिपायल |
| 13= | श्री लोकेन्द्र मल्लिक<br>न्यायाधीश, पुनरावेदन अदालत महेन्द्रनगर | न्यायाधीश<br>पुनरावेदन अदालत जनकपुर |

| | | |
|---|---|---|
| 14= | श्री बुद्धिप्रसाद रेग्मी<br>न्यायाधीश, पुनरावेदन अदालत बाग्लुङ | न्यायाधीश<br>पुनरावेदन अदालत तुल्सीपुर |
| 15= | श्री हरिबहादुर बस्नेत<br>न्यायाधीश, पुनरावेदन अदालत पाटन | न्यायाधीश<br>पुनरावेदन अदालत विराटनगर |
| 16= | श्री कोमलनाथ शर्मा<br>न्यायाधीश, पुनरावेदन अदालत सुर्खेत | न्यायाधीश<br>पुनरावेदन अदालत जनकपुर |
| 17= | श्री खेमराज शर्मा<br>न्यायाधीश, पुनरावेदन अदालत घनकुटा | न्यायाधीश<br>पुनरावेदन अदालत पोखरा |
| 18= | श्री गौरीबहादुर कार्की<br>न्यायाधीश, पुनरावेदन अदालत हेटौंडा | न्यायाधीश<br>पुनरावेदन अदालत दिपायल |
| 19= | श्री रामप्रसाद खनाल<br>न्यायाधीश, पुनरावेदन अदालत राजविराज | न्यायाधीश<br>पुनरावेदन अदालत दिपायल |
| 20= | श्री राजेन्द्रप्रसाद राजभण्डारी<br>न्यायाधीश, पुनरावेदन अदालत बुटवल | न्यायाधीश<br>पुनरावेदन अदालत हेटौंडा |
| 21= | श्री चोलेन्द्र शम्सेर ज.ब.रा.<br>न्यायाधीश, पुनरावेदन अदालत दिपायल | न्यायाधीश<br>पुनरावेदन अदालत पोखरा |
| 22= | श्री भोलाप्रसाद खरेल<br>न्यायाधीश, पुनरावेदन अदालत जनकपुर | न्यायाधीश<br>पुनरावेदन अदालत महेन्द्रनगर |
| 23= | श्री ओमप्रकाश मिश्र<br>न्यायाधीश, पुनरावेदन अदालत बिराटनगर | न्यायाधीश<br>पुनरावेदन अदालत सुर्खेत |
| 24= | श्री जगदिश शर्मा पौडेल<br>न्यायाधीश, पुनरावेदन अदालत पाटन | न्यायाधीश<br>पुनरावेदन अदालत राजविराज |
| 25= | श्री एकराज आचार्य<br>न्यायाधीश, पुनरावेदन अदालत इलाम | न्यायाधीश<br>पुनरावेदन अदालत हेटौंडा |
| 26= | श्री देवेन्द्रगोपाल श्रेष्ठ<br>न्यायाधीश, पुनरावेदन अदालत सुर्खेत | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 27= | श्री शान्तिराज सुवेदी<br>न्यायाधीश, पुनरावेदन अदालत राजविराज | न्यायाधीश<br>पुनरावेदन अदालत नेपालगञ्ज |
| 28= | श्री बलराम विष्ट<br>न्यायाधीश, पुनरावेदन अदालत सुर्खेत | न्यायाधीश<br>पुनरावेदन अदालत बुटवल |
| 29= | श्री देवेन्द्रराज शर्मा<br>न्यायाधीश, पुनरावेदन अदालत पोखरा | न्यायाधीश<br>पुनरावेदन अदालत विराटनगर |
| 30= | श्री जनार्दन बहादुर खडका<br>न्यायाधीश, पुनरावेदन अदालत पाटन | न्यायाधीश<br>पुनरावेदन अदालत जनकपुर |
| 31= | श्री फणिन्द्र दत्त शर्मा<br>न्यायाधीश, पुनरावेदन अदालत धनकुटा | न्यायाधीश<br>पुनरावेदन अदालत जनकपुर |
| 32= | श्री दीपककुमार कार्की<br>न्यायाधीश, पुनरावेदन अदालत बिराटनगर | न्यायाधीश<br>पुनरावेदन अदालत राजविराज |

| | | |
|---|---|---|
| 33= | डा.श्री हरिवंश त्रिपाठी<br>न्यायाधीश, पुनरावेदन अदालत जनकपुर | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 34= | श्री तेजबहादुर के.सी.<br>न्यायाधीश, पुनरावेदन अदालत जुम्ला | न्यायाधीश<br>पुनरावेदन अदालत राजविराज |
| 35= | श्री ठाकुरप्रसाद शर्मा, पर्वत<br>न्यायाधीश, पुनरावेदन अदालत पोखरा | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 36= | श्री केदारप्रसाद चालिसे<br>न्यायाधीश, पुनरावेदन अदालत विराटनगर | न्यायाधीश<br>पुनरावेदन अदालत नेपालगञ्ज |
| 37= | श्री पुरुषोत्तम भण्डारी<br>न्यायाधीश, पुनरावेदन अदालत इलाम | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 38= | श्री सुरेन्द्र वीर सिंह बस्नेत<br>न्यायाधीश, पुनरावेदन अदालत विराटनगर | न्यायाधीश<br>पुनरावेदन अदालत जनकपुर |
| 39= | श्री दिनेशकुमार कार्की<br>न्यायाधीश, पुनरावेदन अदालत जनकपुर | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 40= | श्री शम्भुबहादर खडका<br>न्यायाधीश, पुनरावेदन अदालत पाटन | न्यायाधीश<br>पुनरावेदन अदालत राजविराज |
| 41= | श्री गिरीराज पौडेल<br>न्यायाधीश, पुनरावेदन अदालत जनकपुर | न्यायाधीश<br>पुनरावेदन अदालत हेटौंडा |
| 42= | श्री शारदाप्रसाद घिमिरे<br>न्यायाधीश, पुनरावेदन अदालत जनकपुर | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 43= | श्री पोषनाथ शर्मा<br>न्यायाधीश, पुनरावेदन अदालत हेटौंडा | न्यायाधीश<br>पुनरावेदन अदालत बाग्लुङ |
| 44= | श्री मिरा खडका<br>न्यायाधीश, पुनरावेदन अदालत हेटौंडा | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 45= | श्री वमकुमार श्रेष्ठ<br>न्यायाधीश, पुनरावेदन अदालत वुटवल | न्यायाधीश<br>पुनरावेदन अदालत महेन्द्रनगर |
| 46= | श्री डम्बरबहादुर शाही<br>न्यायाधीश, पुनरावेदन अदालत महेन्द्रनगर | न्यायाधीश<br>पुनरावेदन अदालत विराटनगर |
| 47= | श्री बिश्वम्भरप्रसाद श्रेष्ठ<br>न्यायाधीश, पुनरावेदन अदालत बाग्लुङ | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 48= | श्री ईश्वरप्रसाद खतिवडा<br>न्यायाधीश, पुनरावेदन अदालत वाग्लुङ | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 49= | डा.आनन्दमोहन भट्टराई<br>न्यायाधीश, पुनरावेदन अदालत जुम्ला | न्यायाधीश<br>पुनरावेदन अदालत पाटन |
| 50= | श्री निर्मलकमार ढुंगाना<br>न्यायाधीश, पुनरावेदन अदालत राजविराज | न्यायाधीश<br>पुनरावेदन अदालत सुर्खेत |
| 51= | श्री टंकबहादर मोक्तान<br>न्यायाधीश, पुनरावेदन अदालत हेटौंडा | न्यायाधीश<br>पुनरावेदन अदालत नेपालगञ्ज |

वर्ष १७, अंक २१, फागुन १ देखि १५, २०६५, पूर्णाङ्क ३९९

## सर्वोच्च अदालत
## २०६५ साल फागुन १५ सम्म मुद्दाको लगत फछ्र्योट विवरण

| क्र.सं | बिषयगत मुद्दा | लगत | | | फछ्र्यौट संख्या | बांकि |
|---|---|---|---|---|---|---|
| | | जिम्मेवारी सरेको | यस वर्ष परेको | जम्मा | | |
| 1= | देवानी पुनरावेदन | ४४९६ | ४५२ | ४९४८ | ७६९ | ४१७९ |
| 2= | फौजदारी पुनरावेदन | २६५३ | ४५१ | ३१०४ | ४२२ | २६८२ |
| 3= | देवानी पुर्ण ईजलास | ५० | २७ | ७७ | ४ | ७३ |
| 4= | फौजदारी पुर्ण ईजलास | ४५ | ८ | ५३ | १५ | ३८ |
| 5= | वन्दीप्रत्यक्षीकरण | ८ | ४१ | ४९ | ४० | ९ |
| 6= | साधारण रिट | २६९८ | ५०४ | ३२०२ | ५५७ | २६४५ |
| 7= | पुर्ण रिट | ११ | १० | २१ | ९ | १२ |
| 8= | विशेष रिट | ६९ | २२ | ९१ | १८ | ७३ |
| 9= | साधक | १४९ | ४३ | १९२ | ७६ | ११६ |
| 10= | दोहोर्‍याई पाउं देवानी | १४०२ | ५२२ | १९२४ | ५०७ | १४१७ |
| 11= | दोहोर्‍याई पाउं फौजदारी | ५०५ | २५७ | ७६२ | ३२५ | ४३७ |
| 12= | पुनरावलोकनको निवेदन | ७४९ | ३१९ | १०६८ | ६९५ | ३७३ |
| 13= | पुनराबेदनको अनुमति निवेदन | ५२ | ८३ | १३५ | ५० | ८५ |
| 14= | बिबिध | ६७ | १० | ७७ | १३ | ६४ |
| 15= | निवेदन | ९ | १३३ | १४२ | १०५ | ३७ |
| 16= | प्रतिवेदन | १९ | ९१ | ११० | ८४ | २६ |
| 17= | अवहेलना | ६ | ६ | १२ | ३ | ९ |
| 18= | संक्षिप्त | १ | १ | २ | ० | २ |
| 19= | फुटकर | ० | ० | ० | ० | ० |
| **जम्मा** | | १२९८९ | २९८० | १५९६९ | ३६९२ | १२२७७ |

वर्ष १७, अंक २१, फागुन १ देखि १५, २०६५, पूर्णाङ्क ३९९

१. पूर्ण इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री तपबहादुर मगर
माननीय न्यायाधीश श्री कल्याण श्रेष्ठ
माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला
संवत् २०६५ सालको नि.नं. ... ११२९
(०६४ को RI ०१०८)
आदेश मितिः २०६५।९।३।५

मुद्दा :- लिखत बदर, दर्ता बदर दर्ता ।

निवेदक/प्रतिवादीः प्रमोदकुमार चौधरी
विरुद्ध
विपक्षी/वादीः विनोदकुमार चौधरी

पक्षलाई तारीखमा रहेर र नरहेर मुद्दाको पूर्पक्ष गर्ने दुई वटा विकल्प रहेकोमा सर्बोच्च अदालत नियमावली २०४९ नियम ५४(३) बमोजिम तारीखमा बस्न नचाहेमा अदालतको स्विकृति लिइ नबसे हुनेमा सो ब्यवस्था अनुशरण नगरेको अबस्थामा यी पक्ष तारीखमा रहनुपर्ने नै देखिन्छ । तारीखमा रहेको पक्षको अदालत, वा अदालतको कर्मचारीको कारण तारीख नलिएको अबस्थामा मात्र निजको हक हितमा असर नपरोस भन्नाका खातिर तारीख मिलाइ दिने गरिएको छ । तारीखमा बसेको पक्षलाइ एउटा मुद्दामा तारीख लिने सो तारीख लिएको मुद्दासंग सम्बन्ध नै नभएको अर्को मुद्दामा तारीख नलिएमा असम्बन्धित मुद्दामा अदालतमा हाजिर भएको हुदा असम्बन्धित मुद्दामा पनि तारीख लिएको भन्न मिल्ने हुदैन । प्रस्तुत बिबाद पुनरावेदन वा सो सरहको हैसियतको मुद्दा मामिलामा तारीख गुजारेको कारणवाट तामेलीमा राखेको बिषयसंग सम्बन्धित रहेको नभै शुरु दावी पुग्ने ठहरी पुनरावेदन तहवाट सदर भएकोमा मुद्दा दोहोर्‍याइ हेरी पांउ भनी न्यायप्रशासन ऐन २०४८ को दफा १२ अर्न्तगत परेको निवेदनमा तारीख गुजारेको कारणवाट तामेलीमा राख्ने आदेश भएको देखिन्छ । सर्बोच्च अदालत नियमावली २०४९ को नियम ५४(३) अनुसार अदालतको स्विकृतिमा मात्र तारीखमा नरहन सक्नेमा त्यस्तो प्रकृया अवलम्वन नगरी तारीख छाडी तारीखमा नवसेको दोहोर्‍याइ हेर्ने निस्सा हुने नहुने बिषयमा बिचार गरी रहनुपर्ने अबस्था नहुंदा तामेलीमा राख्ने कार्यलाई कानुनको उदेश्य प्रतिकूल भन्न मिल्ने देखिदैन ।

एकै पटक दर्ता भएका वा अघि पछि दर्ता भएपनि मुद्दाको प्रकृतिको आधारवाट लगाउमा रहनु पर्ने देखिएमा पक्षको निवेदन वा अदालतको आदेश बमोजिम लगाउ रहेका मुद्दा/ निवेदनमा कर्मचारीको भूल वा अन्य कारणबाट एउटामा तारीख दिएको र अर्कोमा तारीख दिन छुटेमा तारीख लिन छुटेको कारण उत्पन्न हुने परिणामबाट पक्षलाई असर पर्नु हुंदैन । लगाउको मुद्दामा पनि तारीख दिनु पर्ने नदिएको अबस्था त्यस्तो त्रुटि सच्याउन पर्ने हुन्छ । तर अदालतमा उपस्थित भई एउटा मुद्दामा तारीख लिई लगाउ नभएका अरु मुद्दामा तारीख लिन छुट भएकोमा पक्षको भनाईको आधारमा लगाउमा नरहेका मुद्दामा गुज्रेको

तारीख जहिले सुकै पनि थामिन सक्छ भन्ने अर्थ गर्नु कानुनको उदेश्य अनुरुप हुदैन । यस्तो काम कारवाहीलाई मान्यता दिदै जाने हो भने न्यायिक प्रकृयामा जटिलता थपिन जान्छ ।

अदालतको कर्मचारीले तारीख नदिएको वा अदालत व्यवस्थापनको कमजोरीका कारण पक्षको तारीख गुज्रन गएको अवस्था नभै मुद्दामा तारीख तोकिएको दिन र समयमा फाँटमा पक्ष वा वारेस नगै भूलवाट तारीख गुज्रन गएछ भनी लामो समय पश्चात तोकिएको तारीखका दिन अदालतमा अन्य असम्बन्धित मुद्दामा उपस्थित भएको प्रमाण प्रस्तुत गरेको आधारमा तारीख थाम्ने कार्य मुद्दामा तारीखको अबधारणा बिपरित हुन जान्छ । मुद्दामा तारीखमा रहनु पर्ने पक्ष वा निजको वारेस तोकिएको तारीख समयमा अदालतमा उपस्थित हुनु पर्ने र उपस्थित नभए उपस्थित हुन नसक्ने पक्षले त्यसबाट सृजित परिणामको असर समेत नै भोग्नु पर्ने हुन्छ । मुद्दामा तारीखमा रहने वा नरहने, कुनै दिनको तारीख लिने वा नलिने तारीखमा रहने पक्षको तजवीजको कुरा हो । अदालत वा अदालतको कर्मचारीले वाध्य गराउन सक्ने हुदैन । के कस्तो कार्यका निमित्त अदालतले कहिले तारीख तोकेको छ र छैन भन्ने कुराको ख्याल राख्नु सम्बन्धित पक्ष वा वारेसको कर्तब्य हो । तारीखको अवधारणा अदालतको कार्यसूचीसंग गांसिएको बिषय भएबाट तोकिएको दिन अदालतमा उपस्थित भई तोकिएको कार्य गर्न तारीख लिनु न्यायिक कार्यसम्पादन भित्रको कुरा हो ।

"लगाउ बाहेकका अन्य मुद्दामा पनि अदालतमा अन्य प्रयोजनका लागि उपस्थित भएको भन्ने आधारमा पक्ष वा वारेसले गुज्रेको तारीख थमाउन पाउने" भनी यस अदालतको संयूक्त इजलासवाट (शोभा गुरुङ्ग वि. गोवर्धन गुरुङ्ग नि.नं. ६१४८, ने.का.प. २०५३) भएको फैसलालाइ लगाउको एउटा मुद्दा वा निवेदनमा तारीख लिई मुद्दा पुर्पक्षमा रहेको अवस्थामा लगाउको अर्को मुद्दा वा निवेदनको तारीख भरपाइमा लेख्न छुटेको भरमा पक्षले तारीख गुजारी बसेमा थाम्ने थमाउने सुविधा पाउने भनी लगाउको मुद्दामा मात्र तारीख थामिन सक्ने गरी यस अदालतको पूर्ण इजलासवाट (निवेदक बासुदेव साह तेली बि.रामचन्द्र राय यादब, २०५७ सालको प्रतिवेदन नं. ८०) प्रतिस्थापन समेत गरी सकेको हुदां र सो नजिर प्रतिकूल धारणा राख्नु पर्ने उचित र पर्याप्त आधार नदेखिदा तामेलीमा रहेको कुनै लगाउ मुद्दामा कर्मचारीका कारण तारीख लिन छुट भएको भन्ने निवेदकको निवेदन जिकिर न भै आफु ब्यवसायिक वारेस भएको र अदालतमा उपस्थित भएर पनि तारीख लिन छुट भएको भन्ने निवेदन जिकिर देखिदा प्रस्तुत मुद्दा तामेलीमा राख्ने गरी यस अदालतबाट मिति २०६५।१।९ मा भएको आदेश परिवर्तन गर्न नपर्ने ।

---

२. संयुक्त इजलास
सम्माननीय प्रधानन्यायाधीश श्री केदारप्रसाद गिरी
माननीय न्यायाधीश श्री गौरी ढकाल
संवत २०६३ सालको फौ.पु.नं. ०६३-CR-०३६६
फैसला मितिः २०६५।३।१८।४

मुद्दाः– कर्तव्य ज्यान ।

पुनरावेदक प्रतिवादीः बाबुराम तामाङ
विरुद्ध
प्रत्यर्थी वादीः विष्णुमाया वि.क.को जाहेरीले नेपाल सरकार

मृतकको घरमा मिति २०६१।७।२६ मा भएको जंगली पूजामा सामेल भएका प्रतिवादीले आफूले कम्मरमा भिरी राखेको खुकुरीले मृतक उपर प्रहार भएको कारण मृतक चन्द्रबहादुर विश्वकर्माको मृत्यु हुन पुगेको भन्ने कुरामा प्रतिवादीको विमती रहेको छैन । प्रतिवादीले अधिकार प्राप्त अधिकारी समक्ष र अदालत समक्ष गरेको बयान समेतबाट सांझको समयमा मृतकको घरमा जंगली पूजाको लागि आएका धामी सुवास राईसंग सामान्य वादविवाद हुंदै गर्दा पछाडिबाट मलाई एक्कासी दाहिने कांधमा को कसले लाठीले हिर्काएकोले मैले वायां कम्मरमा भिरेको खुकरी निकाली पछाडि नहेरी पछाडि घुमाउंदा चन्द्रबहादुर वि.क.को टाउकोमा लाग्न गएछ भन्ने उल्लेख गरी प्रतिवादी उपर मार्ने मनसाय नभएको जिकिर लिएको पाईन्छ । लाश जाँच प्रकृति मुचुल्काबाट मृतकको बाँया कन्चट, चल्नी, बायां कान माथि १५ से.मी. लम्वाई, ३ से.मी. चौडाई, ४ से.मी. गहिराईको चोट भएको उक्त चोटबाट रगत तथा गिदीका टुक्राहरु रगतसंग बगेको भन्ने देखिन आएको छ । पोष्ट मार्टम रिपोर्टबाट The cause of death is braning (head injury) leading to coma/haemorrhage भन्ने उल्लेख भएको पाईन्छ । यसबाट मृतक उपर जोखिमी धारिलो हतियार मृतकको टाउको जस्तो संवेदनशिल अंगमा प्रतिवादीबाट प्रहार भएको कारण चन्द्रबहादुर विश्वकर्माको मृत्यु भएको पुष्टि हुन आउंछ ।

प्रतिवादीले आफूलाई पछाडिबाट हिर्काएकोले साँझको समयमा पछाडिपट्टि नहेरी आफूले भिरी राखेको खुकुरी घुमाएकोले कसैलाई मार्ने नियत नरहेको र मृतक उपर कुनै पूर्व रीस ईवी पनि नरहेको भन्ने जिकिर लिएको देखिन्छ, त्यसतर्फ बिचार गर्दा मृतकको घरमा साँझको समयमा जंगली पूजामा गाउँघरका मानिसहरु भेला जम्मा भएको भीडमा आफूले प्रहार गरेको खुकुरीले जो कोहिलाई लाग्न सक्छ भन्ने प्रतिवादीले स्वतः अन्दाज गर्न सक्ने कुरा हो । त्यसमा पनि धारिलो हतियारको प्रयोगबाट मानिस मर्न सक्छ भन्ने सामान्य समझ भएका जो कोही मानिसले अनुमान गर्न सक्तछ । मुलुकी ऐन ज्यान सम्बन्धीको १३(१) नं.मा धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी रोपी घोची ज्यान मारेमा जति जना भई हतियार छाडेको छ, उतिजना ज्यान मारा ठहर्छन् । सर्वश्व सहित जन्मकैदको सजाय गर्नुपर्छ भन्ने उल्लेख भएको र ऐ. १४ नं. ले धारिलो

हतियारको प्रहारलाई समेटेको नदेखिएको सन्दर्भमा खुकुरी जस्तो धारिलो हतियारको प्रहार गर्ने प्रतिवादीले पुनरावेदन पत्रमा जिकिर लिए बमोजिम आत्मरक्षाको लागि प्रहार गरेको भन्न मिल्ने अवस्था रहदैन । मानिसको भीडमा खुकुरी प्रहार गर्ने प्रतिवादीको सो कृत्य भवितव्यपूर्वकको हत्यामा पर्छ भन्न मिल्ने पनि हुँदैन ।

तसर्थ प्रतिवादीले धारिलो हतियार खुकुरीको प्रहार गरेको कारण मृतक चन्द्रबहादुर विश्वकर्माको मृत्यु भएको मिसिल कागजातबाट देखिएको अवस्थामा प्रतिवादी बाबुराम तामाङलाई ज्यान सम्बन्धीको १३(१) नं. बमोजिम कसुरदार ठहऱ्याएको शुरु र पुनरावेदन अदालतको फैसला अन्यथा देखिएन । सो फैसला सदर हुने ठहर्छ ।

जहांसम्म पुनरावेदन अदालतले प्रतिवादीलाई भएको सजाय चर्को पर्ने भनी कम सजाय हुन राय व्यक्त गरेको सन्दर्भ छ, कसै उपर कुनै पूर्व इवी नभई तत्काल उत्पन्न परिस्थितिबाट उक्त घटना घट्न गएको, प्रतिवादीले आफ्नो भएको व्यहोरा उल्लेख गरी प्रहरीमा उपस्थित हुन आएको, भएको सत्य साँचो व्यहोराको बयान दिई अनुसन्धान तथा मुद्दाको पूर्पक्ष गर्न सहयोग गरेको, सातजना परिवारलाई पाल्नु पर्ने दायित्व बोकेका ३९ वर्ष मात्र उमेर भएका प्रतिवादीलाई ठहरे बमोजिम सर्वश्व सहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने स्थितिमा अ.वं. १८८ नं. प्रयोग गरी निजलाई कैद वर्ष १२(बाह्र) को सजाय हुन पुनरावेदन अदालतले व्यक्त गरेको राय न्यायसंगत हुदा सो राय समेत सदर हुने ।

---

३. संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री अनुपराज शर्मा
संबत् २०६३ सालको रिट नं. ....०७२३
आदेश मितिः २०६५।५।१६।२

विषयः परमादेश ।

निवेदकः जनहित संरक्षण मञ्च (प्रो.पब्लिक) तथा आफ्नो हकमा समेत अधिवक्ता राजुप्रसाद चापागाँई समेत

विरुद्ध

विपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरवार समेत

नेपालको अन्तरिम संविधान, २०६३ द्वारा गरिएको संवैधानिक व्यवस्थाबाट महिलालाई कानूनको समान संरक्षण, महिलाको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न सकिने र महिला भएकै कारण कुनै प्रकारको भेदभाव गर्न नपाईने गरी संविधानले महिलालाई संरक्षण प्रदान गरेको परिप्रेक्ष्यमा निवेदकले आफ्नो निवेदनमा उठाए जस्तो गरी महिलालाई यौन बस्तुको रुपमा, भोग्य बस्तुको रुपमा, अर्धनग्न, अश्लिल एवं अमैत्री विज्ञापनको प्रकाशन र प्रसारणबाट महिलाहरुको आत्मा सम्मानमा चोट नपुग्ने मान्न निश्चयनै सकिन्न । अन्तरिम

संविधानको धारा १३(३) ले महिलाका सम्बन्धमा पनि संरक्षण, सशक्तिकरण र विकासको लागि कानून बनाउन सकिने व्यवस्था गरेको छ । महिलालाई यौन एवं भोग्य बस्तुको रुपमा प्रस्तुत गरिने विज्ञापनको प्रकाशन, प्रसारणका कारण यौन हिंसाको सम्भावनालाई मध्यनजर राख्दा यस्ता अमैत्री लैङ्गिक विज्ञापनबाट महिलाको संरक्षणमा निश्चय नै सघाउ पुग्न जाँदैन । यौन वस्तुको रुपमा अर्धनग्न, अश्लिल एवं अमैत्री विज्ञापनको प्रकाशन एवं प्रसारणबाट महिलाहरुको आत्मसम्मानमा चोट पुग्न जाने र हिंसाका शिकार बन्न सक्ने खतरालाई गैर जिम्मेवार बन्न मिल्दैन । महिला समावेश गरिएका विज्ञापन कहिं अश्लिल एवं लैङ्गिक अमैत्री त बन्न पुगेका छैनन ? महिलाको सम्मानमा कहिं कतै चोट त पुग्न गएको छैन त्यसतर्फ सचेत रहनु नै पर्ने हुन्छ ।

विभिन्न जात-जाति धर्म, वर्ग, क्षेत्र, सम्प्रदायका मानिसहरु वीच वैमनस्य उत्पन्न गर्ने तथा साम्प्रादायिक दुर्भावना फैलाउने, र सर्वसाधारण जनताको सदाचार, नैतिकता र सामाजिक मर्यादामा आघात पर्न जाने कुराहरु किताव वा पत्रपत्रिकामा प्रकाशन गर्न नपाईने भनी छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन, २०४८ को दफा १४(घ)(ङ) मा प्रकाशनमा प्रतिवन्ध लगाउने व्यवस्था गरेको देखिन्छ । आम सञ्चारका माध्यमले लैङ्गिक संवेदनशीलता तर्फ ध्यान नदिई उत्पादित वस्तु वा सेवाको प्रचार प्रसार गर्दा त्यस प्रसारित विज्ञापनबाट महिला विरुद्धको हिंसाको प्रमूख कारकको रुपमा रहेको दाइजो प्रथालाई प्रश्रय दिई रहेको, सडक पेटीमा रहेका होडिङ्ग बोर्डहरुमा अर्धनग्न महिलाको तस्विर प्रयोग गरी मदिराको प्रचार प्रसार गरेको भन्ने जस्ता कुराहरु निश्चय नै माथि उल्लेखित महिला सम्बन्धी संवैधानिक व्यवस्था तथा उक्त छापाखाना र प्रकाशन सम्बन्धी ऐनको कानूनी व्यवस्थाले साम्प्रदायिक दूर्भावना फैलाउने तथा सामाजिक मर्यादामा आघात पर्न जाने जस्ता कुराहरु प्रकाशन गर्न प्रतिवन्ध लगाउने विषय अन्तर्गत नै पनि पर्न सक्ने अवस्था रहन सक्छ । कस्ता विषयवस्तुले साम्प्रदायिक दुर्भावना फैलाउने र सामाजिक मर्यादामा आघात पर्न जाने भन्ने कुराहरुको निश्चित मापदण्ड नभए तापनि त्यस्ता निश्चत विषयमा Parameter बनाई लागू गर्न नसकिने भन्न मिल्ने हुँदैन ।

राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ११ (ख) मा कार्यक्रम उत्पादन तथा प्रसारण गर्दा प्रसारण संस्थाले कुनै कार्यक्रमको उत्पादन तथा प्रसारण गर्दा अन्य कुराका अतिरिक्त सबै जाति, भाषा, वर्ग, क्षेत्र तथा धार्मिक सम्प्रदाय वीच समानता, आपसी सद्भावना र सामाञ्जस्यता अभिवृद्धि गर्ने किसिमका कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भन्ने व्यवस्था गरेको र अन्य कुराका अतिरिक्त अश्लिल किसिमका सामाग्रीहरु, जनमानसमा अस्वभाविक, भय तथा आतंक पैदा गर्ने प्रकृतिका कुराहरु तथा कुनै पनि जाति भाषा, धर्म र संस्कृतिलाई अपव्याख्या, अवहेलना, अपमानित तथा अवमूल्यांकन गर्ने सामाग्रीहरु विज्ञापन प्रसारण गर्न नपाईने भन्ने ऐ. को दफा १५(१) मा कानूनी व्यवस्था रहेको देखिन्छ । निवेदन व्यहोरामा उल्लेख गरिएका कतिपय

व्यापारिक एवं व्यवसायिक समूहहरुले उत्पादित बस्तुको सेवा विस्तारको लागि विज्ञापन गरी सो मार्फत महिलाहरुको अवहेलना हुने वा आपसी सद्भाव र सामञ्जस्यतामा खलल पुग्ने जस्ता सन्देश प्रवाह हुने अवस्था श्रृजना हुने प्रकारका विज्ञापनहरु प्रकाशन प्रसारणमा प्रतिवन्ध लगाउनु पर्ने नै हुन जान्छ । निवेदकले उजागर गरेका विषयवस्तुहरु उल्लेखित ऐन कानूनको विरुद्धमा भए नभएको सम्बन्धमा निरन्तर अनुगमन गर्ने संयन्त्र हुनु निश्चय नै सरकारको जनता प्रतिको जवाफदेहिता र उत्तरदायित्व भित्र पर्ने कुरा हो ।

निवेदक अधिवक्ता प्रकाशमणी शर्मा विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको सम्वत् २०५३ सालको रिट नं. १९२४ (आदेश मिति २०५४।९।९) को उत्प्रेषणयुक्त परमादेशका निवेदनमा मदिराको उत्पादन, खरीद विक्री अनियन्त्रित रुपमा भई रहेकोले र सो को विज्ञापनबाट सामाजिक मूल्य मान्यता र मर्यादा विपरीत भएकोले सो को नियन्त्रण हुनु पर्ने भनी निवेदन माग भएकोमा, संविधान तथा ऐन कानूनको पालना गर्नु प्रत्येक व्यक्तिको कर्तव्य मानिएको छ भने सार्वजनिक हक हितको प्रवर्द्धन गर्नु राज्यको मूख्य दायित्व पनि हो । सर्वसाधारण जनताको सदाचार, स्वास्थ्य सुविधा तथा आर्थिक हित कायम राख्न विद्यमान ऐन नियमहरुको परिपालन गर्ने, गराउने काम तत् तत् क्षेत्रबाट हुनु आवश्यक छ । राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु कुनै अदालतबाट लागू गरिन सक्दैनन् तर पनि राज्यको क्रियाकलाप र शासन व्यवस्थाको मूख्य मार्ग निर्देशकको रुपमा रहेको राज्यको नीतिका सिद्धान्तको पालना गर्दै जानु प्रजातान्त्रिक शासन प्रणालीको अहम भूमिका हुनु पर्ने कुरामा कसैको विवाद रहनु पर्ने कुनै कारण देखिदैन भनी मन्त्रिपरिषद् सचिवालय समेतका नाममा मदिराको उत्पादन, खरीद, विक्री, निकासी, पैठारी सूचना विज्ञापन समेतको प्रवाहमा ऐन कानूनको व्यवस्थाको उल्लंघन कसैबाट गर्न नहुने भएकोले सामाजिक मूल्य र मर्यादा विपरीत मदिराको उत्पादन खरीद विक्री निकासी पैठारी विज्ञापनको सूचना समेतको प्रवाहको सम्बन्धमा निवेदकको सम्पूर्ण माग बमोजिमको आदेश जारी नभई निवेदन खारेज हुने ठहर भए तापनि त्यसतर्फ सरकारको ध्यानाकर्षण गरिएको देखियो । सो आदेशको सम्बन्धमा ध्यानाकृष्ट गराईएको विषयको सन्दर्भमा यो यस किसिमको नीति बनाईएको वा सो ध्यानाकृष्ट आदेश पालना गर्न यो यस्तो कठिनाई रहेको भन्नेसम्म नेपाल टेलिभिजनको लिखित जवाफ व्यहोरामा केही उल्लेख भएको पाईएन । आदेशको बारेमा अनभिज्ञता रहनु पनि राम्रो होइन ।

सूचना तथा सञ्चार मन्त्रालयको मिसिल संलग्न सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ अन्तर्गत विज्ञापन सम्बन्धी दीर्घकालीन नीति हेर्दा, स्वच्छ तथा स्वतन्त्र सञ्चार माध्यमको विकास गर्न प्रमूख आयश्रोतको रुपमा विज्ञापनलाई प्रवर्द्धन गर्ने, विज्ञापनमा प्रयुक्त भाषा, शैली एवं साँस्कृतिक विषयवस्तुको अनुगमन गरी विज्ञापनलाई रोचक र प्रभावकारी बनाउने उद्देश्य लिई नेपाली समाजको मूल्य, मान्यता, संस्कृति र आदर्शहरुको संरक्षण गर्न आचारसंहिताको

निर्माण गर्ने, विद्युतिय सञ्चार माध्यम (श्रब्य, दृष्य) छापा माध्यम र डिजिटल माध्यममा प्रसारित/प्रकाशित तथ्य वाहय विज्ञापनहरुको अनुगमन तथा मूल्याङ्कन कार्य सम्बन्धित संस्थाहरु मार्फत वा तिनको प्रतिनिधित्व हुने गरी गठित स्वतन्त्र निकाय मार्फत गराउने व्यवस्था मिलाउने, यस कार्यको निम्ति एक निष्पक्ष, स्वतन्त्र, प्रतिनिधिमूलक विज्ञापन सेन्सर बोर्डको गठन गर्ने भन्ने नीति/ कार्यनीति रहेको भन्ने उल्लेख भएको देखियो । निवेदन व्यहोरामा उल्लेख गरिएका विभिन्न सञ्चार माध्यमबाट प्रसारित/ प्रकाशित हुने विज्ञापनहरुले महिलाहरुको सामाजिक मर्यादा तथा उनीहरुको लैङ्गिक न्यायमा प्रत्यक्ष असर पुग्ने खालका विज्ञापनहरुको सम्बन्धमा कुन विज्ञापन लैङ्गिक मैत्री हो वा कुन विज्ञापन लैङ्गिक मैत्री होइन भन्ने सम्बन्धमा जाँच गर्ने तथा प्रशारित विज्ञापनहरुको मापदण्ड निर्धारण गर्ने सम्बन्धमा सम्बन्धित सरकारी निकाय, संघ संस्था एवं व्यवसायिक विज्ञापन एजेन्सि तथा महिला तथा मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्था समेतको सहयोगमा अनुगमन गर्ने संयन्त्र निर्माण भए विद्यमान कानूनी व्यवस्था एवं सरकारको दीर्घकालिन विज्ञापन नीतिको परिपालना हुने कुरामा विश्वस्त हुन सकिने अवस्था रहन सक्ने हुन्छ ।

निवेदकहरुको निवेदन माग व्यहोरा तथा त्यस सम्बन्धमा विद्यमान कानूनी व्यवस्था एवं सरकारको दीर्घकालीन विज्ञापन नीतिमा उल्लेख भएका कुराहरु लागू गर्ने तथा त्यसको अनुगमन गर्ने संयन्त्रको निर्माण हुन सक्ने विज्ञापन प्रसारण/प्रकाशनमा देखिएका विभेदजन्य कार्यहरु निराकरण हुने हुँदा लैङ्गिक न्याय सम्बन्धी निश्चित मापदण्ड तथा निर्देशिका निर्माण गरी लागू गर्ने र मापदण्डको परिपालना भए नभएको अनुगमन गर्ने संयन्त्र निर्माण गर्नु गराउनु, सूचना तथा सञ्चार क्षेत्रको दीर्घकालीन नीति, २०५९ अनुरुप विज्ञापन सेन्सर वोर्डको गठन गरी लैङ्गिक मैत्री विज्ञापन सम्बन्धमा रहेका कमी कमजोरी हटाई लैङ्गिक मैत्री बनाउने सम्बन्धमा सम्बन्धित क्षेत्रमा कार्यरत संघ संस्था, सरकारी निकायका प्रतिनिधि एवं लैङ्गिक न्याय एवं मानव अधिकारको क्षेत्रमा काम गर्ने संघ संस्था समेतको प्रतिनिधित्व हुने गरी समिति गठन गर्नु भनी विपक्षी सूचना तथा सञ्चार मन्त्रालय समेतका नाउँमा परमादेशको आदेश हुने ।

---

४. संयुक्त इजलास
माननीय न्यायाधीश श्री मीनबहादुर रायमाझी
माननीय न्यायाधीश श्री ताहिरअली अन्सारी
सम्बत् २०६४ सालको रिट.नं. ..........०१५४
आदेश मितिः २०६५।८।४।४

विषयः- उत्प्रेषणयुक्त परमादेश ।

निवेदकः राजदेव शाह

विरुद्ध

विपक्षीः नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेत

निवेदकको पद अधिकृत हो होइन ? स्वास्थ्य सेवा ऐनले कस्ता पदलाई अधिकृत स्तर र सहायक स्तर हुने भन्ने व्यवस्था गरेको छ ? त्यस्ता कर्मचारीको सरुवाको प्रक्रिया के हो र कस्ले सरुवा गर्ने भन्ने सन्दर्भमा स्वास्थ्य सेवा ऐन, संसोधन सहित २०५३ को दफा ४ ले स्वास्थ्य सेवाको तह तथा तह मिलान सम्बन्धी व्यवस्था गरेको देखिन आयो । ऐनको दफा ४ को व्यवस्था अनुसार छैठौं तह देखी बाह्रौं तह सम्मका कर्मचारीलाई अधिकृत तहका र तेश्रो देखि पाँचौं सम्म सहायक स्तरको तह राखेको पाइन्छ । ऐनको दफा ४ को व्यवस्थाले छैठौं तह देखी तह १२ सम्मका अधिकृत तह भनी निश्चित गरेको भए पछि छैठौं तह देखि वाह्रौ तह अधिकृत स्तर भन्ने कुरामा विवाद गर्ने ठाउँ देखिदैन । स्वास्थ्य मंत्रालयको २०५९।२।१५ को पत्रबाट निवेदकको पद जनस्वास्थ्य निरीक्षक र पदनाम अधिकृत छैठौं भन्ने उल्लेख भएको, नेपाल सरकार मन्त्रिस्तरको २०६४।४।११ को निर्णय बमोजिम जनस्वास्थ्य निरीक्षक पदबाट अधिकृत सातौं तहमा स्तरवृद्धि भएको देखिएबाट निवेदकको पदनाम सातौं तह अधिकृत जनस्वास्थ्य निरीक्षक भएकोमा अन्यथा भन्न मिलेन ।

विपक्षी तर्फबाट उपस्थित सह न्यायाधिवक्ताले बहसको क्रममा निवेदकको पद लोकसेवा आयोगबाट लिएको लिखित परीक्षा उत्तिर्ण गरी सिफारिस नभएको हुँदा अधिकृत भन्न सकिदैन र जुन तहवाट स्तरवृद्धि भएको सोही पदको काम गर्ने भन्ने कानूनी व्यवस्था समेत भएको भन्ने सन्दर्भमा पद पूर्ति सम्बन्धी कानूनी व्यवस्था प्रस्तुत विवादको सन्दर्भमा निरुपण हुनु पर्ने विषय देखियो । पदपूर्ति सम्बन्धमा ऐनको दफा ८ बमोजिम खुल्ला प्रतियोगिता, बढुवाद्वारा, ऐनको दफा ९(१) को व्यवस्था बमोजिम स्तरवृद्धिको तरिकाबाट पदपूर्ति गर्ने व्यवस्था भएकोमा ऐनको दफा ९(१) को व्यवस्था बमोजिम स्तरवृद्धिको प्रक्रियाबाट पदपूर्ति भएकोमा अधिकृत तह कायम नगर्ने भन्ने ऐनको स्पष्ट व्यवस्थाको अभावमा जुनसुकै तहबाट पद पूर्ति भएको भए पनि छैठौं श्रेणी वा सो भन्दा माथिको वाह्रौ तह सम्मका लागि अधिकृत तह मान्नु पर्ने कानूनले स्पष्ट रुपमा व्यवस्था गरेको देखिन आएबाट लोकसेवा आयोगबाट लिखित परीक्षा उत्तिर्ण गरी सिफारिस नगरिएकालाई अधिकृत मान्न नमिल्ने भन्न मिल्ने देखिएन ।

स्वास्थ्य सेवा (तेश्रो संशोधन) ऐन २०६३ को दफा ९ को उपदफा (७घ) ले माथिल्लो तहमा स्तरवृद्धि भएको कर्मचारीले निज जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको हुँदा निवेदक जुनतहबाट स्तरवृद्धि भएका हुन सोही तहको काम गर्ने गरी गरेको सरुवा बदर हुने होइन भन्ने विपक्षीको भनाई रहेको पाइयो । कानूनले यो यस्तो कार्य यो श्रेणीको सहायक वा अधिकृतले गर्ने स्पष्ट नगरेको अवस्थामा दफा ९(७घ) ले "माथिल्लो तहमा स्तरवृद्धि भएको कर्मचारीले निज जुन तहबाट स्तरवृद्धि भएको हो सोही तहको काम गर्नुपर्ने छ" भनि व्यवस्था गरेबाट पहिले कुनै सहायक तहको कर्मचारीबाट सम्पन्न गरीएको कार्यमा हाल सो सहायक अधिकृत स्तरमा वृद्धि भए सोही

अधिकृतबाट सहायक स्तरमा रहँदा सम्पन्न गरेको कार्य गर्ने भन्ने सम्म मान्नु पर्ने हुन्छ । स्वास्थ्य सेवा ऐन २०६३ को दफा ८ र ९ ले गरेको पद पुर्ति सम्बन्धी व्यवस्थामा खुल्ला, बढुवा र स्तरवृद्धिबाट समेत हुने भन्ने उल्लेख भएको स्पष्ट कानूनी व्यवस्था र दफा ९(७घ) ले स्तरवृद्धि हुँदा पूर्व गर्ने गरेको काम नै स्तरवृद्धि भए पछि गर्न पर्ने भन्ने व्यवस्थाको गलत अर्थ गरी अधिकृतनै होइन भनि सम्झन मिलेन ।

निवेदक अधिकृत स्तरको कर्मचारी भएपछि यस्ता अधिकृत कर्मचारीको सरुवाका सम्बन्धमा स्वास्थ्य सेवा ऐनको परिच्छेद ४ को दफा २० ले व्यवस्था गरेको पाइन्छ । उक्त व्यवस्था अनुसार सरुवा गर्ने र काजमा खटाउने आदेश दिने अधिकार अधिकृत कर्मचारीको हकमा नेपाल सरकार र सहायक तहको कर्मचारीको हकमा अख्तियारवालालाई हुनेछ भन्ने व्यवस्था गरेको देखिन्छ । निवेदकलाई निज कार्यरत रहेको कार्यालय लमही प्राथमिक स्वास्थ्य केन्द्र दाङबाट हेल्थ असिस्टेन्ट पदमा जिल्ला स्वास्थ्य कार्यालय खोटाङ अर्न्तगत स्वास्थ्य सेवा विभागको मिति २०६४।४।३१ को निर्णय बमोजिम सरुवा गरेको पाइयो । अधिकृत स्तरका कर्मचारीको सरुवा सम्बन्धी कार्यका लागी नेपाल सरकारले गर्न सक्ने र स्वास्थ्य सेवा ऐनको दफा ९३ (१) बमोजिम नेपाल सरकारले स्वास्थ्य सेवा ऐन बमोजिम आफुलाई प्राप्त अधिकारहरु नेपाल राजपत्रमा सूचना प्रकाशन गरी सोही सूचनामा तोकिएको अधिकारीले प्रयोग गर्न पाउने गरी प्रत्यायोजन गर्न सक्नेछ भन्ने व्यवस्था गरेको पाइन्छ । निवेदक अधिकृत स्तरको कर्मचारी भएको र त्यस्तो कर्मचारीको सरुवा सम्बन्धमा अधिकार प्रात्यायोजन गरेको सूचना सम्बन्धमा नेपाल सरकारले राजपत्रमा प्रकाशन गरी सरुवा गर्न सक्ने भएतापनि निजलाई गरिएको सरुवा सम्बन्धमा भएको भनिएको अधिकार प्रत्यायोजन राजपत्रमा प्रकाशन हुनुपर्नेमा सो भएको पाइदैन । कानूनले अधिकार प्रत्यायोजन सम्बन्धमा गजेटमा प्रकाशन गर्नुपर्ने गरी गरेको प्रष्ट कानूनी व्यवस्था बमोजिम प्रकाशन नभएको प्रत्यायोजनले आधिकारीकता प्राप्त गर्न सक्दैन । कानूनले आधिकारीकतानै प्राप्त गर्न नसक्ने अधिकार प्रत्यायोजनको आधारमा भएको सरुवालाई कानून बमोजिमको कार्य भन्न सकिने अवस्था देखिदैन ।

निवेदक छैठौं तहबाट सातौं तहको अधिकृतमा स्तरवृद्धि भएको र त्यस्ता अधिकृत स्तरको पदको सरुवा अधिकार प्रत्यायोजनबाट हुन सक्ने भएतापनि त्यस्तो प्रत्यायोजन राजपत्रमा सूचना प्रकाशन गरेको हुनु पर्नेमा सो समेत भएको नपाइएको अवस्थामा त्यस्तो प्रत्यायोजनले कानूनी हैसियत प्राप्त गर्न नसक्ने हुँदा स्वास्थ्य सेवा विभागको मिति २०६४।४।३१ को निर्णय र २०६४।५।१२ को सरुवा पत्र अधिकारक्षेत्रविहिन भई उत्प्रेषणको आदेशद्धारा बदर गरीएको छ । स्वास्थ्य सेवा ऐन २०५३ को तेश्रो संसोधन २०६३ एवं स्वास्थ्य सेवा नियमावली २०५५ ले तोकेको प्रक्रिया पुरा गरेर मात्र सरुवा सम्बन्धीको कार्य गर्नु भन्ने विपक्षीका नाममा परमादेशको आदेश समेत जारी हुने ।

५. संयुक्त इजलास
माननीय न्यायाधीश श्री रामप्रसाद श्रेष्ठ
माननीय न्यायाधीश श्री राजेन्द्रप्रसाद कोइराला
सम्बत २०६२ सालको फौ.पु.नं......३५२१
फैसला मितिः २०६५।४।१९।१

मुद्दाः जालसाजी ।

पुनरावेदक वादीः हिरादेवी प्रधान (जोशी) समेत

विरुद्ध

प्रत्यर्थी प्रतिवादीः इन्द्र श्रेष्ठ समेत

२०३५।११।१६ को राजिनामा लिखत उपर २०५४ ।४।२८ मा फिराद दायर गरेको र प्रतिवादीले किर्ते कागजको महलको १८ नं को हदम्याद नघाई फिराद दायर गरेकोले खारेज हुनुपर्ने भनी जिकिर लिएको र पुनरावेदन अदालतबाट समेत हदम्यादको आधारमा खारेज हुने ठहऱ्याएकोले प्रस्तुत मुद्दामा मुलरुपमा हदम्याद सम्वन्धी प्रश्नमा सर्वप्रथम निरोपण गर्नुपर्ने देखिन आयो । किर्ते कागजको महल वमोजिम भएका काम कारवाहीका सम्वन्धमा उजुर गर्ने हदम्यादको व्यवस्था उक्त महलको १८ नं मा गरिएको र सो नं मा निम्न वमोजिम व्यवस्था रहेको पाइन्छ । "सरकारी छाप लागेका कागजहरु र सरकारी अड्डामा रहेका कागजपत्रहरु बाहेक अरु किर्ते वा जालसाजी गऱ्यो भन्ने वा मुखका परिपञ्चले किर्ते कुरा गऱ्यो वा नपाएको दर्जा पाए भनी भन्यो वा सो भनी पंजनी समेत गऱ्यो भन्ने कुरामा काम भए गरेको मितिले दुई वर्ष भित्र नालिस नदिए लाग्न सक्तैन"। सो व्यवस्था वमोजिम सरकारी छाप लागेका कागजात र सरकारी अड्डामा रहेका कागजहरु प्रतिवादीहरुले जालसाजी गरेको भन्ने वादीहरुको दावी नभएको र यदि सोको दावी भएकै अवस्थामा पनि सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूची १ मा त्यस्तो प्रकृतिका मुद्दाहरु पर्ने भनी व्यवस्था गरेवाट सो को सम्वन्धमा छुट्टै कार्यविधि रहेको र सो बाहेकको अवस्थामा सो नं.को व्यवस्था बमोजिम काम भए गरेका मितिले २ वर्ष भित्र फिराद दायर गर्नुपर्ने देखिन्छ । " किर्ते कागजको १८ नं मा प्रयुक्त शब्दावली अनुसार काम भए गरेको मितिबाट नालेश दिन सक्ने व्यवस्था गरेको देखिंदा किर्ते वा जालसाजी क्रिया भयो भनेको मिति अर्थात किर्ते वा जालसाजी कृया भए गरेको मितिले नै नालेश गर्नुपर्ने अवस्था देखिन आउँछ" भनि ने.का.प.२०५५, अंक ११ नि.नं ६६२५, पृष्ठ ६३६ मा सिद्धान्त प्रतिपादन भएको पनि पाइन्छ ।

वादीहरुको फिराद २०५४।४।२८ मा दायर भएको र मुलुकी ऐन किर्ते कागजको महलको १८ नं मा अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्वन्धी केही नेपाल ऐन शंसोधन गर्ने ऐन, २०५८ द्वारा २०५९।५।२७ मा केही भाग संशोधन गरेको देखिन आउँछ , साविकमा भएको "...सो काम भए गरेको मितिले दुई वर्ष भित्र फिराद नदिए लाग्न सक्दैन" भन्नेको सट्टा "सो काम भए गरेको थाहा पाएको मितिले ६ महिना भित्र नालिश नदिए लाग्न सक्दैन" भन्ने व्यवस्था गरेको देखियो । फिराद किर्ते कागजको महलको १८ नं मा शंशोधन हुनु अगावै अर्थात २०५४।४।२८

मा दायर भएकोमा वादीहरुको हकमा २०५९।५।२७ को संशोधित व्यवस्था आर्कषित हुने हो कि भनी हेर्नु पर्ने पनि देखिन आयो । किर्ते कागजको महलको १८ नं को द्रष्टब्य खण्डमा अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केहि नेपाल संशोधन गर्ने ऐन,२०५८ को दफा २ को उपदफा ४ मा निम्न बमोजिम को व्यवस्था रहेको देखिन्छ : मुलुकी ऐन किर्ते कागजको महलको १८ नम्बरमा जुनसुकै कुरा लेखिएको भएतापनि तत्काल प्रचलित कानून बमोजिम दर्ता भई यो ऐन प्रारम्भ हुँदाका बखत कुनै अदालतमा विचाराधिन रहेका मुद्दा सोहि नम्बर बमोजिम कायम भएको हदम्याद भित्र दर्ता भएको मानिनेछ "भनी व्यवस्था गरेको पाइन्छ । सोहि संशोधित व्यवस्थाको सम्बन्धमा व्याख्या गर्दै यस अदालतबाट ने.का.प.२०६२ अंक १पृष्ठ ३० नि.न ७४८० मा "अदालत व्यवस्थापन तथा न्याय प्रशासन सम्बन्धी केहि नेपाल ऐन शंशोधन गर्ने ऐन २०५८ ले किर्ते कागजको महलको १८ नं मा गरेको शंशोधित व्यवस्थाले सो शंशोधन पूर्व परिरहेको मुद्दाहरुलाई पनि हदम्याद भित्र परेको कथन सँग सहमत हुन नसकिने ।मूलुकी ऐन किर्ते कागजको महलमा भएको २०५८ सालको शंशोधन सो ऐन जारी भएकै मितिबाटै प्रारम्भ हुने भएबाट त्यसपछि पर्ने किर्ते कागजको महल अन्तर्गतका विवादमा मात्र आकर्षिक देखिन आउने" भनी सिद्धान्त प्रतिपादन भएको देखिन्छ । जसबाट साविकको किर्ते कागजको महलको १८ नं. को व्यवस्था शंशोधित व्यवस्थाको द्रष्टव्य खण्ड एवं यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतले बादीको फिराद हदम्याद भित्रको देखिन आएन ।

तसर्थ वादीको फिराद हदम्याद नघाई दायर भएको देखिंदा सोही आधारमा खारेज गर्ने गरी भएको पुनरावेदन अदालतको फैसला मिलेकै देखिंदा सदर हुने ।

---

६. संयुक्त इजलास
माननीय न्यायाधीश श्री खिलराज रेग्मी
माननीय न्यायाधीश श्री बलराम के.सी.
संवत् २०६४ सालको रिट नं. wo-०४३७
आदेश मितिः २०६५।७।२९।६

विषयः उत्प्रेषणयुक्त परमादेश लगायत जो चाहिने उपयुक्त आदेश जारी गरी पाउँ ।

निवेदकः मिन वहादुर रानाभाट
विरुद्ध
विपक्षीः गंगा प्रसाद अर्याल समेत

भूमि सुधार कार्यालयको पत्रवाट माग भए बमोजिम स्थलगत सर्जमिन मुचुल्का गरिएको सो सर्जमिन मुचुल्कामा सहिछाप गर्ने व्यक्तिले जग्गा धनिको संलग्नतामा हामीलाई सम्बन्धित जग्गामा भएको ठाउँमा नगई अन्यत्रै जग्गाहरु देखाई ढाटी छलछाम गरी झुक्याई जालसाजी गरी जग्गा धनी, मोहीको नाम समेत उल्लेख नगरी मुचुल्का गरी सहिछाप गरेकोले सर्जमिन मुचुल्का वदर गरी पाउँ भन्ने निवेदन यस कार्यालयमा पर्न आएकोले सर्जमिन हेर्दा

पहिलो व्यहोरा लेखिएको र सर्जमिन गर्ने व्यक्तिको नाम मात्र भरेको देखिएकोले सर्जमिन वदर गरी पुनः सर्जमिनको लागि सिफारिश गरिएको हो भनी मध्यपुर थिमी न.पा.वडा नं १५ कार्यालयको लिखित जवाफमा उल्लेख भएको देखिन्छ । त्यसै गरी विवादित जग्गाको मोही विपक्षी अम्वीका अर्जेल प्रति रोपनी रु ८०,००,०००। (असी लाख) को दरले कायम भएको मुल्य वरावरको रकम बुझ्न मंजुर भएको अवस्था छैन । जग्गा मूल्यांकन गराउदा आफुलाई थाहा जानकारी नै नदिएको भनी अम्बिका अर्जेलले लिखित जवाफमा उल्लेख गरेको र पेश भएका लिखित कागजहरुवाट समेत निजलाई जानकारी भएको कुरा देखिन आउदैन ।

रिट क्षेत्रबाट उपचार माग्न आउँदा वैकल्पिक उपचारका सबै मार्गहरुको प्रयोग भै सकेको हुनु पर्छ । निवेदकले माग गरेको उपचारको विषयमा नै भूमि सुधार कार्यालयमा कारवाहीयुक्त अवस्था रहेको अवस्था छ । यी निवेदक सफाहात लिई न्याय माग्न आएको देखिदैन । आधा जग्गाको हक रहेको मोहीलाई थाहा जानकारी नदिई अर्कै जग्गा देखाई, जग्गा धनी, मोही समेत नखुलाई जग्गाको मूल्यांकन मुचुल्का खडा गरेको भन्ने कुरा माथि विश्लेषण गरिएका विपक्षीहरुको लिखित जवाफ समेतबाट देखिन्छ । यसको अलवा विवादित जग्गा कित्ताकाट हुन सक्ने हो होइन भन्ने विषय पनि यकिन भई नसकेको कुरा भूमि सुधार कार्यालयको लिखित जवाफवाट देखिइ रहेको अवस्था छ । यी सबै तथ्यहरुको आधारमा विवादित कि.नं ८ को जग्गा कित्ताकाट हुन सक्ने नसक्ने के हो ? र उक्त जग्गाको प्रचलित मुल्य के कति पर्ने हो भन्ने विषयमा नै भूमि सुधार कार्यालयमा विचाराधिन रहेको देखिन्छ । धारा १०७ (२) को असाधारण अधिकार रिट क्षेत्रवाट कारवाही युक्त अवस्थामा रहेको विषयमा हस्तक्षेप गर्न मिल्ने देखिएन । धारा १०७ (२) को असाधारण अधिकारक्षेत्रवाट सक्षम अधिकारी समक्ष विचाराधिन विषय प्रक्रियागत कुरामा अ.वं १७ नं ले Correctional Jurisdiction जस्तो गरी प्रक्रियागत कामकारवाही, आदेश ठीक वेठीक जाँच्न मिल्दैन । यसको अतिरिक्त विवादित जग्गाको मूल्य निर्धारण गर्न मिति २०६४।३।२१ मा वनेको समितिको वनावट हेर्दा साविक दिव्यश्वरी गा.वि.स.को हाल मध्यपुर थिमी नगरपालिका वडा नं १५ मा पर्ने यो विवादित जग्गाको विषयमा निर्णय गर्ने उदेश्यले बनेको समितिको सदस्यमा सिरुटार गाउँ विकास समितिको सचिवलाई राखेको देखिंदा सो समितिको बनावट नै कानून बमोजिम भएको नदेखिंदा यस्तो समितिबाट भएको निर्णय नै कार्यान्वयन गरिपाऊँ भन्ने निवेदकको माग दावी भित्र प्रवेश गरी न्याय निरोपण हुने अवस्थाको विद्यमानता नदेखिएकोले निवेदकको माग दावी एवं निजका कानून व्यवसायीको वहस वुँदा सँग सहमत हुन सकिएन ।

तसर्थ माथि विवेचित आधार प्रमाणबाट निवेदकले माग गरेको विषयमा नै भूमिसुधार कार्यालयमा विचाराधिन भई निर्णय नभई सकेको प्रक्रियागत कुराले निवेदकको हक हनन्

भै सकेको भन्न नमिल्ने हुंदा प्रस्तुत रिट खारेज हुने ।

---

७. संयुक्त इजलास
माननीय न्यायाधीश श्री बलराम के.सी.
माननीय न्यायाधीश श्री तपबहादुर मगर
सम्बत् २०६२ सालको रिट नं. ३५८१
आदेश मितिः २०६५।५।२।२

विषय :- परमादेश समेत ।

निबेदकः अधिवक्ता पुन्देवी महर्जन 'सुजाना'
बिरुद्ध
बिपक्षीः नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, काठमाडौ समेत

काठमाडौं उपत्यकाका तीन शहर काठमाडौं, ललितपुर र भक्तपुरमा प्रचलित विभिन्न कुमारी प्रथाहरुलाई लिएर प्रस्तुत निवेदन परेको देखिन्छ । काठमाडौं उपत्यका बाहेक अन्यत्र कुमारी प्रथा प्रचलनमा रहे नरहेको सम्बन्धमा रिट निवेदनमा र पेश हुन आएका अध्ययन प्रतिवेदनहरुमा केहि उल्लेख भएको देखिएन । उपत्यकामा प्रचलित कुमारी प्रथाहरुको शुरुवात वा स्थापनातर्फ हेर्दा कुमारी प्रथाको प्रारम्भ र प्रचलन सम्बन्धी कुनै ठोस ऐतिहासिक लिखत दस्तावेज रहे भएको देखिएन । कुमारी प्रथा कुन कालमा कुन शासकको पालामा किन स्थापना भई प्रचलनमा रहेको हो भन्ने सम्बन्धमा कुनै ऐतिहासिक लिखत जस्तै गुठी सम्बन्धी लिखत वा ताम्रपत्र, शिलालेख, सनद वा सवाल आदि रहे भएको भन्ने दुवै अध्ययन प्रतिवेदनहरुमा उल्लेख भएको देखिंदैन । प्राप्त लिखितजवाफ, अध्ययन प्रतिवेदनहरु र कुमारी प्रथासम्बन्धी विज्ञहरुको राय समेतबाट कुमारी प्रथा उपत्यकाको सामाजिक धार्मिक एवं सांस्कृतिक जीवनको एक अभिन्न अंगको रुपमा शताब्दियौं अगाडिदेखि प्रचलनमा रहिआएको र अनुयायी धार्मिक सम्प्रदायले कुमारीलाई जीवित देवीको रुपमा मानि आएको भन्ने देखिन्छ । सबै धार्मिक सम्प्रदाय र सर्वसाधारणले कुमारी लाई उच्च सम्मान र श्रद्धा व्यक्त गर्ने गरेका कारण कुमारी, कुमारीको परिवार एवं आफन्तजनहरु गौरवान्वित हुने गरेका छन् भन्ने पनि देखियो तर सम्बन्धित बालिका तथा निजको परिवारलाई बाध्य गरी वा निजहरुको इच्छा विपरीत कुमारी बनाइने गरेको भन्ने देखिंदैन ।

मिसिल संलग्न प्रतिवेदन तथा लिखितजवाफहरुको अध्ययनबाट उपत्यकाका विभिन्न स्थानमा प्रचलित कुमारी प्रथाहरुमा कुमारी बन्ने बालिकाहरुको हैसियत, कुमारीहरुको हक हित र सुविधा र उनीहरुले पालना गर्नुपर्ने अनुशासन अर्थात् समग्र code of conduct मा एकरुपता नरही विविधता रहेको देखियो । सबै स्थानका कुमारीहरु सामान्यतया ४ देखि १२ बर्षको उमेर बीचका बालिकाहरु हुनुपर्ने र हुने गरेको देखिन्छ । कुमारी प्रथा र कुमारी स्थापनाको उद्धेश्य, विषय र मान्यता एउटै र समान भए पनि कुमारीहरुको शिक्षा प्राप्त गर्ने हक, स्वास्थ्य सम्बन्धी हक, पारिवारिक हक, खाना सम्बन्धी

हक, पालनपोषणको हक, मनोरञ्जनको हक, पहिरनको हक एवं वैयत्तिक स्वतन्त्रता सम्बन्धी हक लगायतका विषयहरुमा विभिन्न स्थानका कुमारीहरुमा एकरुपता नभई भिन्न भिन्न प्रचलन रहको देखियो । उदाहरणको लागि काठमाडौंको वसन्तपुर र पाटनको कुमारीको शिक्षा प्राप्त गर्ने हकमा कुमारीले शिक्षा आर्जन गर्न पाउने तर अध्ययनको लागि स्कूल जान नपाउने कुमारी घरमै अध्ययन गर्नुपर्ने कारण उनीहरुलाई कुमारी घरमै एक्लै राखेर दैनिक २।३ घण्टा शिक्षकद्वारा पढाइने गरेको देखिन्छ । त्यसै गरी भक्तपुर, बुङ्मती र किलागलको कुमारीहरुलाई पठनपाठन गरी शिक्षा हासिल गर्न अन्य बालबालिका सरह स्कूल जान कुनै बन्देज रहेको देखिएन, स्कूल गई अध्ययन गर्न छुट रहेको देखिन्छ भने मखन तारिणी र मिखाबहालको कुमारीलाई अध्ययन गर्न स्कूल जान रोकतोक नभएको तर पहिरनको हकमा रातो पहिरन लगाएर स्कूल जानुपर्ने प्रचलन रहेको देखिन्छ । त्यस्तै काठमाडौं क्वाबहालकी कुमारीका हकमा अध्ययन गर्न स्कूल जान नहुने भन्ने मान्यता रहे पनि कुमारीको पिताले स्कूल पठाएको भन्ने देखिन्छ भने काठमाडौं मुबहालकी कुमारीले अध्ययन गर्न स्कूल जान नहुने मान्यता रहे पनि घरमा नै अध्ययन गर्नमा भने कुनै बन्देज रहेको भन्ने देखिंदैन ।

कुमारीहरुको आर्थिक स्रोतका सम्बन्धमा वसन्तपुर, पाटन र भक्तपुरका कुमारी र निवृत्त कुमारीहरुलाई गुठी संस्थान, कौशितोषाखाना र नगरपालिकाले केहि रकम उपलव्ध गराइआएको देखिन्छ भने अन्य स्थानका कुमारीहरुलाई उल्लिखित संस्थानहरुबाट कुनै सहयोग प्राप्त हुने गरेको भन्ने प्रतिवेदनबाट देखिंदैन । कुमारीहरुको घुमफिर, आवतजावतको स्वतन्त्रता, परिवारसंग बस्न पाउने हक लगायत अन्य सामाजिक जीवन र क्रियाकलापको हकमा हेर्दा वसन्तपुरकी कुमारीले कुमारी घरमै बस्नु पर्ने र कुमारी घर बाहिर जान नहुने परम्परा रहेको भन्ने देखिन्छ । पाटनकी कुमारीको निजी घर नै कुमारी घर हुने भए तापनि घर बाहिर निस्कन नमिल्ने परम्परा रहेको भन्ने देखिन्छ । अन्य स्थानका कुमारीहरुले कुमारीघरमा बस्न नपर्ने, आफ्नै घरमा बस्न मिल्ने भए पनि क्वाबहाल र मुबहालको कुमारीलाई घर बाहिर निस्कन निषेध रहेको भन्ने देखिन्छ । खानपिनको हकमा वसन्तपुर र पाटनको कुमारीहरुलाई दिनको २ पटक खाना खुवाइने गरेको देखिन्छ भने अन्य स्थानको कुमारीहरुले विशेष अवसरमा बाहेक सामान्यतया इच्छानुसारको खानपिन गर्न पाउने देखिन्छ । औषधोपचारतर्फ वसन्तपुर, पाटन, किलागल, क्वाबहाल र मुबहालको कुमारीहरुलाई चिकित्सकद्वारा उपचार गराउन नहुने प्रचलन रहेको देखिन्छ तर अन्य स्थानका कुमारीहरुको हकमा त्यस्तो कुनै बन्देज रहेको देखिंदैन । खेलकूद र बाल मनोरञ्जनतर्फ वसन्तपुर, पाटन, क्वाबहाल र मुबहालको कुमारीहरुले कुमारीघरको आफन्तहरुसंग मात्र खेल्न र मनोरञ्जन गर्न पाउने प्रचलन रहेको देखिन्छ भने अन्य स्थानका कुमारीहरुलाई यस्तो कुनै बन्देज रहेको देखिंदैन । पहिरनका हकमा भक्तपुर र बुङ्मतीको कुमारीलाई आशनमा रहंदा बाहेक आफूखुसी पहिरन लगाउन छुट

रहेको देखिन्छ भने अन्य स्थानको कुमारीहरुले रातो पहिरन नै लगाउनु पर्ने प्रचलन र परम्परा रहेको देखिन्छ । सबै स्थानको कुमारीहरु निवृत्त भए पछि उनीहरुको वैवाहिक जीवन लगायत सामाजिकीकरणको प्रकृयामा अन्य खास समस्या नभए पनि वसन्तपुर र मुबहालको निवृत्त कुमारीहरुको विवाह हुन सहज नभएको भन्ने देखिन्छ । अन्य स्थानहरुमा पनि कुमारीलाई विवाह गर्न हुँदैन भन्ने सामाजिक मान्यता भए पनि विवाह गर्नमै बन्देज भने नभएको भन्ने देखियो । विचारणीय र महत्वपूर्ण के छ भने कुमारीहरु माथि उल्लिखित शिक्षा प्राप्त गर्ने हक, पारिवारिक जीवन सम्बन्धी हक, हिंडडुल र आवतजावत सम्बन्धी हक, मनोरञ्जन सम्बन्धी हक, स्वास्थ्योपचार सम्बन्धी हक, वैवाहिक जीवन सम्बन्धी हक, पहिरन सम्बन्धी स्वतन्त्रता लगायत अन्य सम्पूर्ण कुराहरुमा खास कुनै लिखत जस्तै ताम्रपत्र, शिलापत्र, सनद, सवाल लगायत कुनै लिखतमा आधारित नभई केवल परम्परा मान्यता, प्रचलन र व्यवहार, रीतिरिवाजको आधारमा चलिआएको र आजसम्म त्यहि परम्परा मान्यता प्रचलन व्यवहार र रीतिरिवाजले निर्देशित भई निरन्तरता पाएको भन्ने देखियो । महत्वपूर्ण र विचारणीय कुरा के छ भने अध्ययन गर्नै नहुने, स्कूल जानै नहुने, बिरामी भएमा स्वास्थ्योपचार गर्नै नहुने, परिवारलाई त्यागेर एक्लै बस्नुपर्ने आदि जस्ता खासगरी right to life संग सम्बन्धित हकहरुमा बन्देज लगाउने कुनै कानून वा force of law हुने खालको लिखत भई त्यस्तो लिखतको आधारमा कुमारी प्रथा सञ्चालन भएको भन्ने देखिएन ।

पेश भएका अध्ययन प्रतिवेदन र लिखितजवाफ समेतबाट कुमारी बन्ने बालिकाको उमेर र कुमारी चुनिएपछि कुमारीका हैसियतले निर्वाह गर्नुपर्ने भूमिका बाहेक अन्य कुराहरु, जस्तै पठनपाठन, वासस्थान, पहिरन, खानपिन स्वास्थ्योपचार, हिंडडुल, आवतजावत तथा पारिवारिक सम्बन्ध आदिका विषयमा विभिन्न स्थानका कुमारी प्रथाहरुमा अलग अलग मान्यता एवं प्रचलनहरु भई विविधता रहेको देखियो । केहि स्थानको कुमारीले अध्ययन गर्न हुने तर स्कूल जान नहुने, परिवारसंग आफ्नो घरमा बस्न नहुने, कुमारी घरमै बस्नुपर्ने, रातो पहिरन लगाउनु पर्ने, घर बाहिर निस्कन नहुने, चिकित्सकद्वारा उपचार गराउन नहुने, इच्छानुसार खानपिन गर्न नहुने जस्ता मान्यताहरु पनि प्रचलनमा रहेको देखिएको छ ।

निवेदिकाको मुख्य माग कुमारी बन्ने बालिकाहरु नेपालले अनुमोदन गरेका बाल अधिकार महासन्धि १९८९, महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६, नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध १९६६ तथा नेपालको अन्तरिम संविधान, २०६३ द्वारा प्रदत्त हकहरु उपभोग गर्नबाट बञ्चित भएकाले उनीहरुलाई ती हकहरुको उपभोग गराउन र निवृत्त कुमारीहरुका लागि समेत राज्यका तर्फबाट सामाजिक सुरक्षा र पुनर्स्थापनाको उचित प्रवन्धका लागि उपयुक्त आदेश जारी

गरिपाऊँ भन्ने रहेको देखिन्छ । कुमारी बन्ने बालिका एवं कुमारीबाट निवृत्त बालिका तथा महिलाहरुको आधारभूत मानव अधिकारको संरक्षण र उनीहरुको सामाजिक सुरक्षाको प्रत्याभूति हुनुपर्ने कुरालाई निवेदकले मुख्य रुपमा उठाएको पाइन्छ । कुमारी र निवृत्त कुमारीहरुको मानव अधिकारको संरक्षण र सामाजिक सुरक्षाको उचित प्रबन्ध हुनुपर्ने कुरामा विपक्षीको पनि असहमति रहेको देखिंदैन । कुमारीहरु नेपालका बालिका र नेपाली नागरिक समेत हुन् । नेपालको अन्तरिम संविधान २०६३ ले महिला र बालबालिकालाई विभिन्न मौलिक हकहरु प्रदान गर्नुका साथसाथै उनीहरुलाई संविधानले एक प्रकारको disadvantaged र marginalised वर्गको रुपमा मानी उनीहरुको विकास गर्न र उनीहरुलाई empower गर्न विशेष व्यवस्था गर्न सक्ने व्यवस्था गरेको छ । यसका साथै नेपालले बाल अधिकार महासन्धि १९८९, १४ सेप्टेम्बर १९९० मा र महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि १९७९, २२ अप्रिल १९९१ मा अनुमोदन गरेको हुँदा कुमारी प्रथा अन्तर्गत कुमारी रहँदा बालिकाहरुलाई उल्लिखित महासन्धिहरु र नेपालको अन्तरिम संविधानद्वारा प्रदत्त अधिकारहरु हनन् हुन्छन् हुँदैनन् भन्ने कुरा महत्वपूर्ण छ ।

नेपालको अन्तरिम संविधान २०६३ को धारा १२ ले सबै नागरिकलाई सम्मानपूर्वक बाँच्न पाउने हक र कानून बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रता अपहरण नहुने मौलिक हक प्रदान गरेको छ । धारा १६ ले समानताको हक, धारा १७ ले शिक्षा तथा संस्कृति सम्बन्धी हक, धारा २० ले महिलाको हक, धारा २१ ले सामाजिक न्यायको हक, धारा २२ ले बालबालिकाको हक, धारा २३ ले धर्मसम्बन्धी हक र धारा २९ ले शोषण विरुद्धको हक प्रदान गरेको छ । यदि महिला तथा बालबालिका समेतलाई प्राप्त उल्लिखित मौलिक हक हनन् भएमा ती हकहरु प्रचलन गराउन संविधानको धारा १०७(२) ले यस अदालतलाई असाधारण अधिकार प्रदान गरेको छ । नागरिकहरुले यी हकहरु सहज र सरल तरिकाले उपभोग गर्न सक्ने अवस्था सिर्जना गर्नका लागि संविधानले नै राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु मार्फत् राज्य र खास गरी कार्यपालिकालाई निर्देशन दिएको छ । सो अनुसार धारा ३३(ज) मा शिक्षा, स्वास्थ्य, आवास, रोजगारी र खाद्य सम्प्रभुतामा सबै नागरिकको अधिकार स्थापित गर्नुपर्ने राज्यको दायित्व निर्धारण गरिएको छ । त्यस्तै, धारा ३३(ड) मा राज्य पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताको प्रभावकारी कार्यान्वयन गर्ने र धारा ३३(ढ) मा विभेदकारी कानूनहरु भए अन्त्य गर्नुपर्ने राज्यको दायित्व हुने व्यवस्था भएको छ । धारा ३४(१) मा समाजमा न्यायपूर्ण व्यवस्था कायम गर्ने र मानव अधिकारको संरक्षण र सम्बर्द्धन गर्ने राज्यको निर्देशक सिद्धान्त हुने कुरा उल्लेख गरिएको छ । धारा ३५(९) मा बालबालिकाको संरक्षण र उन्नतिका लागि सामाजिक सुरक्षाको विशेष व्यवस्था गर्ने नीति राज्यले अवलम्वन गर्नुपर्ने कुरा उल्लेख भएको छ ।

नेपालले अनुमोदन गरेको बालअधिकार सम्बन्धी महासन्धि १९८९ बालबालिकाहरुको

बहुआयामिक विकास र कल्याणको लागि तयार भएको अन्तर्राष्ट्रिय दस्तावेज हो । बाबुआमा र बालबालिका सहितको समूह परिवार हो । बाबुआमा बालबालिकाका अभिभावक मात्र होइनन् उनीहरु बालबालिकाको लागि अभिन्न अङ्ग नै हुन् । बाबुआमा र बालबालिका सहितको पारिवारिक विकासको लागि महासन्धि जारी भएको देखिन्छ ।

उक्त महासन्धिको धारा १ ले बालबालिकालाई बाबुआमाबाट स्याहार सम्भार पाउने अधिकार, धारा ८ ले बाबुआमासँग पारिवारिक सम्बन्ध कायम गर्न पाउने अधिकार, धारा ९ ले परिवारबाट अलग्गिन नपर्ने अधिकार, धारा १२ ले जुनसुकै media मार्फत् आफ्नो विचार अभिव्यक्त गर्ने अधिकार, धारा १३ ले जुनसुकै media बाट सुसूचित हुने अधिकार, धारा १४ ले बाबुआमाबाट संरक्षकत्व र निर्देशन पाउने अधिकार, धारा १५ ले शान्तिपूर्वक भेला हुने र संगठित हुने अधिकार, धारा १६ ले गोपनियताको अधिकार, धारा १९ ले कुनै प्रकारको यातना, दुर्व्यवहार, क्षति, उपेक्षा तथा शोषण विरुद्धको अधिकार, धारा २८ ले शिक्षा प्राप्त गर्ने अधिकार, धारा ३१ ले आराम गर्ने, फुर्सद पाउने, खेल्न पाउने र सामाजिक जीवनमा सम्मिलित हुन पाउने अधिकार प्रदान गरेको छ । त्यस्तै, धारा ३२ ले आर्थिक शोषण तथा जोखिम विरुद्धको हक र शारीरिक, मानसिक, आध्यात्मिक एवं पारिवारिक विकासमा हानिकारक हुनसक्ने काम विरुद्धको अधिकार, धारा ३४ ले यौन शोषण तथा child pornography विरुद्धको हक, धारा ३५ ले बेचबिखन तथा अपहरण विरुद्धको हक र धारा ३७ ले यातना वा कुनै प्रकारको क्रुर वा अमानवीय वा अपमानजनक व्यवहार विरुद्धको हक र वैयत्तिक स्वतन्त्रताको हक प्रत्येक बालबालिकालाई प्रदान गरेको छ ।

बाल अधिकारको सम्बन्धमा आर्थिक सामाजिक एवं सांस्कृतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICESCR) १९६६ को धारा १० र नागरिक तथा राजनैतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (ICCPR) १९६६ को धारा २३ र २४ पनि महत्वपूर्ण देखिन्छन् । ICESCR को धारा १० को उपधारा (१) मा बालबालिकाको हुर्काई, लालनपालन, हेरचाह र शिक्षादीक्षाका लागि बाबुआमाको महत्वपूर्ण भूमिका हुने हुँदा राज्यले सम्भव भएसम्म परिवारको त्यस्तो संगठनलाई सुरक्षा प्रदान गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै उपधारा ३ ले बालबालिकालाई आर्थिक तथा सामाजिक शोषण हुनबाट बचाउन र जोखिमपूर्ण कामबाट बचाउन काम गर्ने खास उमेर तोकी तोकिएको उमेर भन्दा कम उमेरका बालबालिकाको तलवी रोजगारलाई राज्यले निषेध गर्नुपर्ने व्यवस्था गरेको छ । त्यसैगरी ICCPR को धारा २३ को उपधारा (१) मा परिवारलाई समाज र राज्यबाट सुरक्षा प्रदान गरिनुपर्ने व्यवस्था रहेको छ भने धारा २४ मा प्रत्येक बालबालिकालाई जुनसुकै प्रकारको भेदभाव विरुद्ध समानताको हक भएको कुरा उल्लेख गरिएको छ ।

नेपालको कानूनी व्यवस्थाले मात्र होइन, बाल अधिकार महासन्धिले पनि बालश्रम निषेध गरेको छ । कतैकतै १८ बर्ष पूरा नहुन्जेल बालिग मानिंदैन तर हामीकहाँ १६ बर्ष

पूरा भएपछि बालिग मानिन्छ । नावालकलाई कुनै प्रकारको काममा लगाउन निषेध छ । उमेर नपुगेका वा कानूनले नावालक भनी तोकेका बालबालिकाहरुलाई काममा लगाउँदा उनीहरुको मौलिक हक एवं मानव अधिकारको हनन् हुने मात्र होइन त्यस्तो काम शोषण पनि हुन जान्छ । त्यसैले १६ बर्ष नपुगेको नावालकलाई उसको खुशी वा मन्जुरीले होस् वा उसको अभिभावक बाबुआमाको सहमतिले होस् जतिसुकै पारिश्रमिक लगायत अन्य आर्थिक एवं भौतिक सुविधा दिए पनि काममा लगाउनु गैरकानूनी हुन्छ । त्यसरी १६ बर्ष नपुगेका नावालकलाई काममा लगाउँदा त्यस्तो नावालकको मौलिक हक एवं मानव अधिकार हनन् हुनाको साथै नेपालले आफ्नो नागरिकको मानव अधिकार उल्लंघन गरी आफ्नो Treaty Commitment बाट derogate गरेको समेत मानिन्छ ।

कुमारी रहँदा बालिकाहरुको मौलिक हक र मानव अधिकारको हनन् हुन्छ हुँदैन भन्ने विषयमा सर्वप्रथम "काममा लगाउने" भन्नाले के बुझिन्छ, त्यसको विवेचना गर्नु आवश्यक देखिन्छ । "कुमारी प्रथा" कुमारी बनेका वालिकाहरुको लागि "काम"हो होइन भन्ने सम्बन्धमा विचार गर्दा, "काम" भन्नाले कसैले केहि गर्नुपर्ने वा पूरा गर्नुपर्ने वा सम्पन्न गर्नुपर्ने काम वा कुरालाई जनाउँछ । "काममा लगाउने" भन्नाले आफूले गर्नुपर्ने केहि वा कुनै कुरा वा काम वा आफूले पूरा गर्नुपर्ने कुनै काम वा कुरा वा आफूले सम्पन्न गर्नुपर्ने कुनै काम वा कुरा आफैले नगरी त्यसरी आफूले गर्ने काम वा आफूले सम्पन्न गर्ने कुनै कुरा अरुबाट गराई त्यस्तो काम वा कुरा अरुले पूरा गरिदिए वापत त्यस्को सट्टा वा बदलामा त्यस्तो काम गरिदिनेलाई त्यसको compensation स्वरुप रकम वा अन्य benefit दिई त्यस्तो काम अरुबाट गराउनुलाई जनाउँछ । काम सम्पन्न गर्दा त्यसमा शारीरिक श्रम प्रयोग भएको हुन्छ । काम गरुन्जेल अर्थात् लगाएको काम पूरा नगरुन्जेल काममा लगाउने र काम गर्ने बीच master र नोकर servant को सम्बन्ध स्थापना हुन्छ । काम गर्नेले आफूलाई काममा लगाउने master कोdictate अनुसार काम गर्नुपर्छ । master ले लगाए अनुसारको कार्य नगरेमा master ले कामबाट निकाल्न पनि सक्छ भने master ले लगाएको काम बीचैमा छाड्न सकिँदैन, काम पूरा गर्नैपर्छ । काम सम्पन्न नभएसम्म काममा लगाइएको व्यक्ति पूरै master को नियन्त्रणमा रहन्छ । यसलाई संक्षेपमा भन्दा "काम गर्ने" वा "काममा लगाउने" भन्नाले मालिकको कुनै काम मालिकको शर्तमा मन्जुर गरेको benefit लिएर शारीरिक श्रम र समय लगाई सम्पन्न गरिदिने कार्य र कुरालाई बुझिन्छ ।

१६ बर्ष नपुगेको नाबालकको पूर्ण रुपमा शारीरिक र मानसिक विकास भइसकेको हुँदैन । उसले आफ्नो हित र अहित हुने कुराको निर्णय लिन सक्तैन । त्यस्ता नाबालकहरुले आफ्ना बाबुआमाको संरक्षकत्वमा लाडप्यारमा हुर्कन पाउनु पर्छ । त्यस्ता नावालकलाई आफ्नो बाबुआमा अभिभावकको संरक्षकत्व चाहिने हुनाले विश्वव्यापी रुपमा नै नावालकलाई काममा लगाउन निषेध गरिन्छ र नावालकको व्यक्तित्व विकासका लागि निःशुल्क शिक्षा

पाउने हक, स्वास्थ्योपचारको हक, वासस्थानको हक, परिवार साथ बस्न पाउने हक, परिवारबाट अलग्गिन नपर्ने हक, विचार र अभिव्यक्तिको हक, हिंडडुल, मनोरञ्जन, आवतजावत आदि विभिन्न हकहरु प्रदान गरी नावालकलाई काममा लगाउन निषेध गरिन्छ र यदि कसैले नावालकलाई काममा लगाएमा सजाय हुने कानूनी व्यवस्था गरिएको हुन्छ । नावालकलाई काममा लगाउने कार्य नावालकको शोषण हो । नाबालकलाई काममा लगाउनु भनेको नावालकको भौतिक र शारीरिक शोषण मात्र होइन मानसिक र नाबालकको गरिबीको शोषण समेत हो । अन्तरिम संविधानको धारा २२ ले बालबालिकालाई आफ्नो पहिचानको हक, पालन पोषणको हक, आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने हक तथा सामाजिक सुरक्षाको हक लगायत शारीरिक मानसिक र जुनसुकै प्रकारको हिंसा विरुद्धको हक प्रदान गर्दछ । बालबालिकालाई कलकारखाना, खानी वा अन्य कुनै जोखिमपूर्ण काममा लगाउन नहुने कुरा पनि धारा २२ मा र बाल अधिकार महासन्धिको धारा ३२ मा रहेको छ । यसैकारण नेपालको अन्तरिम संविधान, २०६३ को धारा २२ले प्रत्येक बालबालिकालाई प्रदान गरेको शारीरिक वा मानसिक शोषण विरुद्धको मौलिक हक संविधानको धारा १०७(२) अन्तर्गत enforceable हकको रुपमा अदालतबाट संरक्षण प्राप्त हकको रुपमा रहेको छ ।

कुमारी प्रथा अन्तर्गत कुमारीहरुले शारीरिक श्रम लगाई अरु कसैको लागि "काम" गर्नुपर्छ भन्ने अध्ययन प्रतिवेदन र लिखितजवाफबाट देखिंदैन । निवेदक आफैले पनि कुमारी प्रथा अन्तर्गत कुमारीहरुले शारीरिक श्रम लगाई काम गर्नुपर्छ भन्ने सकेको देखिंदैन । कुमारीहरुले श्रम गर्न पर्दैन भन्ने यस अदालतले पनि न्यायिक जानकारीमा लिने कुरा हो । कुमारीहरुले "काम" गर्नुपरेको वा निजहरुलाई काममा लगाइने गरेको देखिंदैन । अध्ययन प्रतिवेदन हेर्दा कुमारीहरुले गर्नुपर्ने काम भनेको खास धार्मिक एवं सांस्कृतिक पर्वहरुमा तोकिएको वस्त्र लगाई जीवित देवीको रुपमा तोकिएको पवित्र ठाउँ वा मण्डपमा बस्नु पर्ने र श्रद्धालु भक्तजनहरुले जीवित देवीको रुपमा गरेको पूजा अर्चना ग्रहणसम्म गर्नुपर्ने देखियो । अर्थात् कुमारीलाई देवावतार ( incarnation of god) को रुपमा श्रद्धा गरी पूजा गर्ने गरिएको देखियो । कुमारीहरुले शारीरिक श्रम लगाई काम गर्नुपर्ने नहुँदा कुमारी प्रथा नेपालको अन्तरिम संविधान २०६३ को धारा २२ ले प्रदान गरेको बालबालिकाको हक, धारा २६ को यातना विरुद्धको हक र धारा २९ को शोषण विरुद्धको हक विपरीत प्रचलनमा रहेको प्रथा रहेछ भन्ने देखिएन । कुमारी प्रथा नेपालका हिन्दू र बौद्ध धर्मावलम्वीहरु जनसमुदायको धार्मिक सामाजिक एवं सांस्कृतिक हकको अभिन्न अंगको रुपमा रहेको देखिन्छ । प्रत्येक धर्मका आ-आफ्नै मान्यता र विशेषताहरु हुन्छन् । जसरी क्रिश्चियन धर्मावलम्वीहरुले डिसेम्वर २५ लाई जिसस क्राइष्टको जन्म दिनको रुपमा मनाउँछन मुसलमान धर्मावलम्वीहरुले इदुल फितर बक्रइद मनाउँछन् । यसैगरी कुमारी प्रथाका अनुयायी धर्मावलम्बीहरुले दसैं लगायत अन्य

कतिपय चाडपर्वमा कुमारीलाई देवीको रुपमा पूजा गरी चाड पर्वहरु मनाउने गरेको देखिएको हुँदा कुमारी भएकै कारण उनीहरुका संविधान प्रदत्त हक अधिकार र बाल अधिकार महासन्धि लगायत मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुद्वारा प्रदत्त हकहरु हनन् हुने देखिएन । मूर्ति पूजा लगायत विभिन्न चाडपर्वमा विभिन्न प्राणीलाई देवताको रुपमा पूजा गर्ने हिन्दू धर्मको एक मान्यता नै हो । विभिन्न देवी देवताहरुको पूजाका साथसाथै हाम्रो प्रचलन अनुसार दिपावली तिहार पर्वमा हिन्दूहरुले एक दिन दाजुभाइलाई भाइटिकामा देवताको रुपमा पूजा गरिन्छ । कुकुर र कागलाई पनि एक दिन पूजा गरिन्छ । त्यस्तै कुमारीलाई पनि देवीको रुपमा मानी पूजासम्म मात्र गरिन्छ । हरेक धर्ममा आ-आफ्ना प्रकारका यस्ता विशेषताहरु हुन्छन् ।

निवेदिकाको अर्को माग कुमारीहरुको शिक्षा पाउने हक हनन् भएकोले सो हकको प्रचलनको लागि उपयुक्त आदेश जारी गरिपाऊँ भन्ने रहेको छ । संविधानको धारा १७ ले प्रत्येक बालबालिकालाई मातृभाषामा नै शिक्षा आर्जन गर्ने अधिकार प्रदान गर्दछ । यसले माध्यमिक तहसम्म निःशुल्क शिक्षा हासिल गर्ने हक पनि प्रत्येक बालबालिकालाई प्रदान गरेको छ । बाल अधिकार महासन्धि १९८९ को धारा २८ ले पनि प्रत्येक बालिबालिकालाई प्राथमिक तहसम्मको शिक्षा निःशुल्क गर्नुपर्ने र बालबालिकाको नियमित स्कूल उपस्थितिलाई अनिवार्य गरी उच्च अध्ययन पहुँचयोग्य बनाउनु पर्ने व्यवस्था गरेको देखिन्छ । बालबालिकाले शिक्षा प्राप्त गर्ने हक मौलिक एवं नैसर्गिक हक मानिन्छ । शिक्षा प्राप्त गर्न नहुने भन्ने मान्यता वा परम्परा वा रीतिरिवाज यदि कहिं छ भने पनि त्यसले वैधता प्राप्त गर्दैन । बालबालिका राष्ट्रको मानवस्रोत हुन् । राज्यलाई समुन्नत र समृद्धशाली तुल्याउने काम मानवस्रोतकै हो । संविधानले लिखितरुपमा बालबालिकालाई प्रदान गरेको शिक्षा आर्जन गर्ने हक कुनै किसिमको प्रथा, परम्परा, रीतिरिवाज, मान्यता प्रचलन वा रुढीवादीको नाममा हनन् हुन सक्तैन । कुमारी भएको कारण कुमारीले शिक्षा हासिल गर्न नहुने भनी कुमारीलाई शिक्षा हासिल गर्न नेपाल कानून लगायत कुनै पनि कुराले प्रतिबन्ध नलगाएको हुँदा कुमारीले स्कूल गई शिक्षा प्राप्त गर्न सक्ने भएको हुँदा कुमारीहरुको शिक्षा प्राप्त गर्ने मौलिक हक हनन् भएको भन्ने निवेदकको दावीसँग यो अदालत सहमत हुन सकेन ।

धर्म सम्बन्धी हकको नाममा बालबालिकालाई शिक्षा प्राप्त गर्ने हकबाट बन्चित गर्न सकिदैन । धर्म सम्बन्धी हकको नाममा बाल श्रमलाई वैधता दिन सकिंदैन । अमेरिकाको अदालतले People v Pierson (1903) 176 N.Y.201 को मुद्दामा right to practise religion freely does not include liberty to expose the children to ill health or death भन्ने सिद्धान्त स्थापित गरेको छ । त्यसै गरी Prince v Massachussets (1944) 321 US 158 को मुद्दामा religious belief cannot stand in the way of state regulation of child labour भनिएको छ ।

विशेष गरी वसन्तपुर, पाटन र मुबहालका कुमारीहरुले अन्य बालबालिका सरह

स्कूल जान नपाउने र उनीहरुलाई दैनिक २।३ घण्टा कुमारी घरमै पढाउने प्रचलन रहेको आधारमा निवेदिकाले कुमारीहरुको सो हक हनन् भएको भन्ने जिकिर लिएको देखियो । तर माथि उल्लेख गरिए अनुसार कानूनले त कुरै भएन कुनै ऐतिहासिक लिखत दस्तावेजले पनि कुमारीहरुलाई अध्ययन गर्न स्कूल जान नहुने गरी रोक लगाएको भन्ने देखिएन । स्कूल जान नहुने भन्ने कुरा केवल प्रचलन र परम्पराका आधारमा कायम भइआएको देखियो । यस्तो परम्परा प्रचलन र मान्यता पनि सबै स्थानका कुमारी प्रथाहरुमा समान रुपमा रहे भएको देखिंदैन । भक्तपुर, बुङ्मती, मखन तारिणी, किलागल र मिखाबहालका कुमारी प्रथाहरुमा कुमारीहरुले विद्यालय जान हुँदैन भन्ने कुनै प्रतिबन्धात्मक मान्यता वा प्रचलन रहेको देखिंदैन । क्वाबहालको कुमारी प्रथामा कुमारीले विद्यालय जान हुँदैन भन्ने मान्यता रहिआएकोमा कुमारीका पिताले नै छोरीलाई विद्यालय पठाएको भन्ने अध्ययन प्रतिवेदनमा स्पष्ट उल्लेख छ । वसन्तपुर र पाटनका कुमारीहरुले पनि कुमारी घरमै शिक्षा हासिल गरिरहेको देखिएको छ भने कुनै ऐतिहासिक वा कानूनी वा धार्मिक लिखत दस्तावेजले कुमारीले शिक्षा हासिल गर्न नहुने गरी प्रतिबन्ध लगाएको भन्ने नदेखिएकोले कुमारीहरुले कुमारीको भूमिकाको निर्वाहको साथसाथै अध्ययनका लागि स्कूल जान शिक्षा हासिल गर्न सक्ने नै देखियो । क्वाबहालको कुमारी प्रथामा कुमारीलाई विद्यालय पठाउन हुँदैन भन्ने मान्यता रहे तापनि कुमारीको पिताले नै कुमारीलाई विद्यालय पठाएको भन्ने देखिएको छ । हाम्रो समाज परम्परा, प्रचलन, मान्यता तथा रुढीबादीले स्थान नपाएको समाज होइन । शिक्षाको कमीले गर्दा समाजमा यस्ता कुराहरुले मान्यता पाएका हुन् । आफ्नो धार्मिक सामाजिक तथा सांस्कृतिक मान्यता र परम्परालाई कायम राख्दै कुन कुरा ठिक कुन कुरा वेठिक भन्ने कुरा संविधानको दायराभित्र रहेर प्रत्येक नागरिक, प्रत्येक परिवार र प्रत्येक बालबालिकाका अभिभावकले छुट्याउने कुरा हो र छुट्याउन सक्नु पर्दछ पनि । अभिभावक तथा सम्बन्धित समुदायको सदस्यहरु नै संविधानको दायराभित्र रहेर आफ्नो परम्परागत प्रथा र प्रचलनहरुमा समयानुकूल परिवर्तनको संवाहक हुन सक्तछन् । तसर्थ यी कुमारीका पिताले जस्तै अन्य कुमारीको अभिभावकहरुले पनि चाहेमा अध्ययनका लागि कुमारीहरुलाई स्कूल पठाई शिक्षा दिलाउन कुनै बाधा देखिएन । अर्थात् कुमारी बनेकै कारण कुमारीहरुले स्कूलमा नै गई अध्ययन गर्न कुनै बाधा नदेखिएको हुँदा कुमारीहरुको शिक्षा आर्जन गर्ने हक हनन् हुने देखिएन । तसर्थ कुमारीलाई शिक्षा दिलाउने सम्बन्धमा यस अदालतबाट थप कुनै आदेश जारी गरिरहनु परेन । कुमारीहरुले स्कूलमा गई शिक्षा हासिल गर्न सक्ने मात्र होइन पर्व पर्वमा देवीको रुपमा आसन ग्रहण गर्न बाहेक अन्य अवस्थामा कुमारीले हिडडुल आवतजावत गर्ने स्वतन्त्रता र परिवारसँग भेटघाट र बसोवास गर्न स्वतन्त्रता लगायत बाल अधिकार महासन्धि र नेपालको अन्तरिम संविधान, २०६३ ले प्रदान गरेका संपूर्ण मौलिक हक र अधिकार उपभोग गर्न कुनै कानूनले रोक नलगाएकोले कुमारीहरुले स्कूलमा गई अध्ययन गरी शिक्षा

हासिल गर्न सक्तछन् । यस अदालतले नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(२) द्वारा प्रदत्त असाधारण अधिकार अन्तर्गत कुनै कानून वा सरकारको कुनै executive / administrative निर्णयले वालवालिकाको हक हनन् गरेमा उपयुक्त आदेश जारी गरी हक प्रचलन गराउँछ । तर परम्परा, प्रचलन, प्रथा वा मान्यताको आधारमा कसैले त्यस्तो हक उपभोग गर्दैन भने समाज आफै सचेत र सजग भएर त्यस्तो हक उपभोग गर्नुपर्छ र यसका लागि समाजमा awareness को सृजना गर्ने र चेतनामूलक कार्यक्रम संचालन गरी हक उपभोग गर्न empower गर्ने काम कार्यपालिकाको हो ।

रिट निवेदन, लिखितजवाफ तथा संलग्न अध्ययन प्रतिवेदनहरुबाट कुमारी प्रथा काठमाडौं उपत्यकामा प्रचलित धार्मिक एवं सांस्कृतिक महत्व बोकेको एक ऐतिहासिक प्रथा हो भन्ने देखिएको छ । यो कुरालाई यस अदालतले पनि न्यायिक जानकारीमा लिएको हो । यो कुरा यस अदालतले पनि judicial notice मा लिने कुरा हो । कुमारी प्रथा सो प्रथाको अनुयायी समुदायलाई संविधानको धारा १३ द्वारा प्रदत्त समानताको हक, धारा १७ द्वारा प्रदत्त संस्कृति सम्बन्धी हक र धारा २३ द्वारा प्रदत्त धर्म सम्बन्धी हकसँग प्रत्यक्ष सम्बन्धित रहेको देखिन्छ । संविधानको धारा २३ मा प्रत्येक व्यक्तिलाई प्रचलित सामाजिक एवं सांस्कृतिक परम्पराको मर्यादा राखी आफ्नो धर्मको अवलम्वन अभ्यास र संरक्षण गर्ने मौलिक हक प्राप्त छ । यस अन्तरगत हरेक व्यक्तिले अरुको धर्ममा दखल नदिई सनातनदेखि मानिआएको आफ्नो धर्म र संस्कृतिको अवलम्वन र अभ्यास गर्न पाउँछ । धारा २२(२) ले प्रत्येक धार्मिक संप्रदायलाई आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न तथा धार्मिक स्थल र गुठीको संचालन गर्ने हक प्रदान गरेको हुँदा प्रत्येक व्यक्तिलाई एक्लै वा समूहगत रुपमा आफ्नो आस्था, अन्तस्करण र विश्वास अनुसारको आफ्नो धर्म र संस्कृति मान्न पाउने अधिकार प्राप्त छ । व्यक्ति र समूदायले धर्म धारण गर्ने र त्यसको अभ्यास गर्ने संविधान प्रदत्त हकमा संविधान विपरीत हुने गरी कुनै नाजायज प्रतिवन्ध लगाउन हुँदैन । तर राज्यले parens patriae doctrine अन्तर्गत बालबालिकाहरुको हितका लागि धर्मसम्बन्धी हकमा मनासिव प्रतिबन्ध लगाउने गरी कानून बनाउन सक्छ । अर्थात् धर्मसम्बन्धी हकको नाममा कुनै धार्मिक विश्वास, प्रथा, परम्परा वा प्रचलन बालबालिकाहरुको मौलिक एवं मानव अधिकारको प्रतिकूल हुने रहेछ भने राज्यले parens patriae doctrine अन्तर्गत अभिभावकको हैसियतले बालबालिकाहरुको हकको संरक्षणका लागि धर्म संस्कृति सम्बन्धी हकमा प्रतिवन्ध लगाउने गरी आवश्यक कानून बनाउन सक्छ । धर्म र संस्कृति सम्बन्धी हकको नाममा समाजमा अराजकता फैलिने गतिवधि पनि राज्यले tolerate गर्न सक्तैन । सार्वजनिक हितका लागि राज्यले कानून बनाएर त्यस्ता गतिविधि उपर रोक लगाउन सक्छ ।

कुमारी प्रथा नेपालका हिन्दू एवं बौद्ध धर्मावलम्वी वहुसंख्यक जनताको धर्मसम्बन्धी हकसँग गाँसिएको संस्कृति हो । संविधान र बालअधिकार महासन्धि लगायतका अन्तर्राष्ट्रिय

दस्तावेजहरुले बालबालिकालाई प्रदान गरेका हक र संविधानले धार्मिक संप्रदायलाई प्रदान गरेको धर्म र संस्कृति सम्बन्धी हक एक आपसमा विरोधाभाषपूर्ण होइनन् । त्यसैले बालबालिकाहरुलाई संविधान र अन्तर्राष्ट्रिय महासन्धिहरुले प्रदान गरेका हक हनन् नगरेसम्म कुमारी प्रथालाई अनुयायी संप्रदायको धर्म र संस्कृति सम्बन्धी हकको एक हिस्साको रुपमा मान्नु पर्दछ ।

कुमारी प्रथाको स्थापना वा थालनी सम्बन्धी कुनै ऐतिहासिक ठोस लिखत दस्तावेज नभए जस्तै कुमारीहरुको रहनसहन, खानपीन, दैनिकी र उनीहरुले पालना गर्नुपर्ने अनुशासनका कुराहरु पनि कुनै ऐतिहासिक लिखत, ताम्रपत्र, शिलापत्र वा कुनै सनद सवाल वा कानूनद्वारा व्यवस्थित भएको देखिएन । केवल परम्परा प्रचलन वा मान्यताका आधारमा चलिआएको देखियो । यी कुराहरु अलिखित परम्परा, प्रचलन र मान्यता अनुसार विकसित भएकोले तिनीहरुको कुनै कानूनी स्रोत देखिएन । प्रचलन कानूनको स्रोत हुनसक्छ तर प्रचलनले कानूनको रुप लिन सक्तैन । धार्मिक तथा सांस्कृतिक हकका सम्बन्धमा ऐतिहासिक लिखतहरुलाई पनि कानूनको स्रोत मान्न सकिन्छ तर कुमारी प्रथाका सम्बन्धमा त्यस्तो कुनै लिखत नभएकोले कुमारी प्रथा परम्पराको रुपमा नै प्रचलनमा रहिआएको देखियो ।

यदि कुनै प्रथा वा प्रचलनले बालबालिकाहरुलाई बालअधिकार सम्बन्धी महासन्धि वा मानवअधिकार सम्बन्धी अन्य महासन्धि वा नेपालको अन्तरिम संविधान, २०६३ ले प्रदान गरेको मौलिक हक हनन् गरेको रहेछ भने यस अदालतले संविधानको धारा १०७(२) अन्तर्गतको असाधारण अधिकार प्रयोग गरी कानून बमोजिम गर्न वा अन्य आवश्यक कारवाही गर्न निर्देशात्मक आदेश जारी गरी हनन् भएको हक प्रचलन गराउन सक्छ र गराउँदछ । हक हनन् गर्ने त्यस्तो प्रथा वा प्रचलनलाई कानूनद्वारा निषेध गर्ने आदेश गर्नसक्छ । धर्म र प्रथा प्रचलन वा परम्परा एक आपसमा conflicting भएमा धर्मले सामाजिक सुधारलाई स्थान दिनु पर्छ । सामाजिक सुधारमा धार्मिक प्रचलन बाधक हुन सक्तैन । सामाजिक सुधार भन्नाले रीतिरिवाज प्रचलन अर्थात् practices र मत अर्थात् वाद dogmas को उन्मूलन हो । यस्ता practices र dogma हरु मानवअधिकार विपरीत र सामाजिक सुधारमा बाधक भएमा राज्यले निषेध गर्न सक्छ । कमलरी प्रथालाई उदाहरणको रुपमा लिन सकिन्छ । यो प्रथा नेपालको पश्चिमाञ्चल क्षेत्रमा प्रचलित छ । यस प्रथामा ५।६ बर्ष उमेर पुगेका बालिकाहरुलाई गरिव बाबुआमाले धनी जमिन्दारहरुका घरमा काम गर्न पठाउने र मालिकले उनीहरुलाई आफ्नो काममा लगाउने गर्दछन् । कमलरीमा बस्ने नावालकहरुले जीवनभर आफूलाई खरीद गर्ने मालिकका घरमा घरेलु नोकरको रुपमा बसी काम गर्नुपर्ने हुन्छ । कमलरी प्रथामा बालबालिकालाई संविधानको धारा १७ द्वारा प्रदत्त शिक्षा तथा संस्कृति सम्बन्धी हक, धारा २० द्वारा प्रदत्त महिलाको हक, धारा २१ द्वारा प्रदत्त सामाजिक न्यायको हक, धारा २२ द्वारा प्रदत्त बालबालिकाको हक, धारा २६ द्वारा प्रदत्त यातना विरुद्धको हक, धारा २९ द्वारा प्रदत्त

शोषण विरुद्धको हक लगायत बालअधिकार महासन्धिद्वारा प्रदत्त हकहरु हनन् हुन्छन् । कुमारीहरुले कसैका लागि कुनै श्रम गर्नु पर्दैन । बालिकाहरुलाई जीवित देवी मानी पूजा गर्ने प्रयोजनका लागि कुमारी प्रथाको विकास भएको देखिएको र कुमारीहरुले पनि भक्तजनहरुको पूजा र श्रद्धालाई ग्रहणसम्म मात्र गर्नुपर्ने देखिएको हुँदा कुमारी प्रथाले कुमारी हुने बालिकाहरुको कुनै हक हनन् गर्ने देखिएन । कुमारीलाई मन्दिरका पुजारीसँग पनि तुलना गर्न मिल्दैन । पुजारीले साँझ बिहान मन्दिरमा उपस्थित भई नित्य पूजाआजा गर्नुपर्छ तर कुमारीहरुले चाहिँ पर्व र विशेष अवसरहरुमा उपस्थित भई जिवित देवीको रुपमा श्रद्धालु भक्तजनहरुको पूजा ग्रहण गरी बाँकी समय परिवारको इच्छानुसार परिवारसँग बस्ने, अध्ययन गर्न स्कुल जाने, मनोरञ्जन गर्ने, घुमफिर गर्ने जस्ता कार्यमा लगाउन कुनै कुराले रोक लागेको देखिएन । पुजारी र कुमारीमा भिन्नता छ । पुजारी गुठी संस्थान वा मन्दिरको सञ्चालकबाट नियुक्त हुन्छन् । यस अर्थमा पुजारी र नियुक्तिकर्ता गुठी संस्थान वा मन्दिर सञ्चालकबीच master र servant को सम्बन्ध रहन्छ तर कुमारी प्रथामा त्यस्तो सम्बन्ध स्थापित हुँदैन । कुमारीहरु त देवीको रुपमा पूजा र श्रद्धा गर्नका लागि स्थापना गरिन्छन् ।

बाल अधिकार महासन्धि लगायतका उल्लेखित अन्तर्राष्ट्रिय दस्तावेजहरुले बालबालिकालाई प्रदान गरेका हकहरु बिना भेदभाव प्रभावकारी रुपमा प्रचलन गराउनका लागि आर्थिक, सामाजिक, प्रशासनिक, वैधानिक र अन्य उपयुक्त उपाय अपनाउने दायित्व पक्ष राष्ट्र उपर निर्धारण गरेका छन् । त्यसै अनुरुप अन्तरिम संविधानको धारा ३३(ड) मा पनि नेपाल राज्य पक्ष भएका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको प्रभावकारी कार्यान्वयन गर्ने दायित्व राज्य उपर नै रहने व्यवस्था गरिएको छ । पक्ष राष्ट्रको नाताले नेपालले आफ्नो उक्त अन्तर्राष्ट्रिय दायित्व एवं संवैधानिक दायित्व निर्वाह गर्नुपर्छ ।

कुमारी प्रथा सामाजिक मान्यता, परम्परा र प्रचलनको रुपमा चलिआएको देखियो । समाजमा अनादि कालदेखि चलिआएका आफ्ना धार्मिक तथा सांस्कृतिक प्रथा परम्पराहरुलाई मानव अधिकारका मूल्य मान्यताद्वारा समृद्ध गराउँदै लैजानु सम्बन्धित समाज र राज्यको दायित्व हो । कुमारी प्रथामा बालिकाहरु कुमारी हुने हुँदा कुमारी रहँदा र कुमारीबाट निवृत्त भएपछि पनि राज्यले उनीहरुको बारेमा केही गर्नुपर्छ । बालबालिकासंग सम्बन्धित हरेक बिषयमा जुनसुकै काम गर्दा जोसुकैले पनि बालबालिकाको सर्वोत्तम हितलाई सर्वोपरी ठान्नु पर्दछ भन्ने बाल विधिशास्त्रको विश्वव्यापी मान्यता कायम भइसकेको छ । त्यसैले बालअधिकार सम्बन्धी महासन्धि १९८९ को धारा ३ मा पनि In all actions concerning children, whether taken by public or private social welfare institutions, courts of law, administrative authorities or legistlative bodies, the best interests of the child shall be a primamy considenation भनिएको छ । कुमारी प्रथाका अनुयायी समुदायले पनि यसलाई हृदयंगम गरेर आफ्ना बालिकाहरुलाई नेपालको अन्तरिम संविधान,

२०६३ ले प्रदान गरेका मौलिक हक तथा बालअधिकार सम्बन्धी महासन्धि १९८९ र मानव अधिकार सम्बन्धी अन्य महासन्धिहरुले प्रदान गरेका कुनै पनि हक उपभोग गर्नबाट बन्चित गर्नु हुँदैन ।

जहाँसम्म कुमारीहरुको शिक्षादीक्षा, भरणपोषण र अन्य खर्चको प्रश्न छ, सो हाल सीमित रुपमा राज्यका तर्फबाट व्यहोरिएको अध्ययन प्रतिवेदनहरुबाट देखिएको छ । कुमारीहरुले कुमारी प्रथाका अनुयायी धार्मिक संप्रदायको धर्म र संस्कृति सम्बन्धी हक उपभोग गर्नमा योगदान गरेको मान्नु पर्दछ । कुमारीको हैसियतमा राष्ट्रको सामाजिक सांस्कृतिक एवं धार्मिक जीवनमा पुऱ्याएको योगदानको कदर गर्दै उनीहरुका लागि राज्यले आवश्यक सामाजिक सुरक्षा सहितको अन्य उचित र आवश्यक प्रबन्ध गर्नुपर्दछ । यसमा दुईमत हुन सक्तैन । केहि स्थानका कुमारी र निवृत्त कुमारीहरुका लागि हाल राज्यले उपलब्ध गराइआएको आर्थिक सहुलियत हेर्दा सो अत्यन्त न्यून र असमान समेत रहेको देखिएको छ ।

महिला विरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी समितिको सन् २००४ जनवरी १२-३० को ३० औं सत्रको बैठकले नेपालले महासन्धि कार्यान्वयनको अवस्थाका बारेमा पठाएको प्रतिवेदन उपर टिप्पणी गर्दै कुमारी प्रथाले महिला विरुद्ध भेदभाव गरेको र यो महासन्धि विपरीत भएकाले यस्तो भेदभावयुक्त परम्परागत प्रचलनलाई उन्मूलन गर्न कदम चाल्नु भनी सिफारिश गरेको देखिएको छ । तर माथि गरिएको विश्लेषणबाट कुमारी भएकै कारणबाट नेपाली बालिकाहरुले नेपालको अन्तरिम संविधान २०६३ द्वारा प्रदत्त मौलिक हक तथा बालअधिकार महासन्धि लगायत मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुद्वारा प्रदत्त हकहरु उपभोग गर्न रोक लागेको अवस्था नदेखिएकोले रिट जारी गरिरहन परेन ।

माथि विवेचना गरिए अनुसार कुमारी प्रथा नेपालका हिन्दू र बौद्ध धर्मावलम्वी जनसमुदायको संस्कृति र धर्म सम्बन्धी हकको एक अभिन्न अंगको रुपमा रहेको देखियो । कुमारीको उपस्थिति र सहभागिता विना काठमाडौं,ललितपुर र भक्तपुरका हिन्दू र बौद्ध धर्मावलम्वीहरुका कतिपय चाँडपर्व, पूजाआजा र सांस्कृतिक कृत्यहरु सम्भव हुँदैनन् । हाम्रो समाज परम्परावादी भएको र कुमारी बनेपछि अध्ययन गर्न नहुने भन्ने मान्यताको कारण कतिपय कुमारीहरुले शिक्षा आर्जन गर्न पाएनन् । त्यस्ता कुमारीहरु परम्परा र रीतिरिवाजबाट पीडित हुन पुगे । कलिलो उमेरमा परम्परा र रीतिरिवाजका कारण शिक्षा आर्जन गर्न नपाएकाले कुमारीहरुको निवृत्त जीवन स्वावलम्वी र आत्मनिर्भर हुन नसकी अभिभावक पितामाता वा पतिमा भरपर्ने हुनपुग्यो होला । यसलाई समाजका लागि एक व्यक्तिले आफ्ना हकहरु समर्पण गरेको भन्नुपर्छ । तथापि यो अवस्था कानूनले सिर्जना गरेको होइन, सामाजिक परम्परा, रीतिरिवाज, विश्वास र प्रचलनले ल्याएको हो । तर आजको समाज प्रगतिशील छ र जनतामा आएको चेतनाको कारण के ठीक के वेठीक छुट्याउन सक्ने अवस्थामा पुगेको छ । आजको समाज धर्म र संस्कृति सम्बन्धी हकलाई दखल नदिइकन कुनै

पनि व्यक्तिले शिक्षा आर्जन गर्न हुन्छ भन्ने अवस्थामा पुगेको छ । अर्थात् शिक्षा आर्जन गर्दा समाजको धर्म र संस्कृति सम्बन्धी हक हनन् हुँदैन भन्ने आजको समाजले स्वीकार गरेको तथ्य हो । आजको यो अवस्थाले अवका पिंढीलाई यसमा भ्रम नहोला तर हिजोका कुमारीहरु त परम्पराका कारण पीडित हुन पुगे । यो यथार्थ हो । यसरी बाल्यकालमा शिक्षा आर्जन गर्ने अधिकार जस्तो मौलिक हक र मानव अधिकारबाट बञ्चित हुन पुगेका निवृत्त कुमारीहरुका लागि राज्यले social security वा pension benefit जस्ता सुविधाहरु प्रदान गर्नेतर्फ विचार गर्नुपर्दछ ।

अतः कुमारी र निवृत्त कुमारीहरुको सामाजिक सुरक्षाका माध्यमबाट कुमारी संस्कृतिमा समयानुकूल सुधार गर्दै लैजानु वाञ्छनीय देखिएकोले उनीहरुको विद्यमान अवस्थाको पुनरावलोकन गरी नेपालको अन्तरिम संविधान तथा नेपालले हस्ताक्षर गरेका महिला तथा बालबालिकाका मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरुका प्रावधानहरुलाई ध्यानमा राखी के कस्ता आर्थिक, सामाजिक, वैधानिक वा प्रशासकीय उपायहरुको अवलम्वनद्वारा उनीहरुको हक हित र सामाजिक सुरक्षामा अभिवृद्धि गर्न सकिन्छ भन्ने बिषयमा विस्तृत अध्ययन गरी सोही अनुरुप गर्नु गराउनु उपयुक्त देखिएकोले कुमारी संस्कृतिका अनुयायी समुदायका अगुवा तथा प्रतिनिधि संघसंस्थाहरुसंग समेत अन्तरक्रिया गरी सुझाव सहितको प्रतिवेदन पेश गर्न देहाय बमोजिमको एक अध्ययन समिति गठन गर्नु भनी विपक्षी संस्कृति मन्त्रालयका नाममा निर्देशात्मक आदेश जारी गरिएको छ र अध्ययन समितिको प्रतिवेदन प्राप्त भएपछि सो प्रतिवेदन नेपाल सरकारले कार्यान्वयन गर्नु भन्ने परमादेश समेत जारी गरिएको छ ।

समितिको गठन

नेपाल सरकारद्वारा मनोनित संस्कृति मन्त्रालयको सहसचिव स्तरका एक जना अधिकृत -संयोजक
गुठी संस्थानबाट मनोनित एकजना प्रतिनिधि - सदस्य
बालबालिका सम्बन्धी मन्त्रालयबाट मनोनित एकजना प्रतिनिधि------ - सदस्य
निवृत्त कुमारीहरुमध्येबाट नेपाल सरकारद्वारा मनोनित एक जना प्रतिनिधि - सदस्य
नेपाल सरकारद्वारा मनोनित एकजना ख्यातिप्राप्त संस्कृति एवं संस्कृतविद् - सदस्य

यो आदेश प्राप्त भएको एक महिनाभित्र नेपाल सरकारले अध्ययन समितिको गठन गर्नुपर्नेछ । समितिले गठन भएको एक बर्षभित्र आफ्नो राय सहितको प्रतिवेदन नेपाल सरकारसमक्ष पेश गर्नुपर्नेछ र नेपाल सरकारले त्यसको एकप्रति यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखालाई समेत उपलब्ध गराउने छ ।

प्रस्तुत आदेशको जानकारी विपक्षीहरु र यस अदालतको अनुगमन तथा निरीक्षण महाशाखालाई समेत गराउने ।